## भरतपुर महानगरपालिकाको नवौं नगर सभाको समुद्घाटन समारोहमा
## नगर प्रमुख श्री र□ु दाहालज्यूद्वारा प्रस्तुत
## आर्थिक वर्ष २०७८/०७९ को
# नीति तथा कार्यक्रम

नगर-उपप्रमुखज्यू,
प्रमुख प्रशासकीय अधिकृतज्यू
नगरसभाका सदस्यज्यूहरू,
सञ्चारकर्मीमित्रहरू, राष्ट्रसेवक कर्मचारी लगायत उपस्थित सम्पूर्ण महानुभावहरू !

१. नेपालमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपाल स्थापना पछि गठित पहिलो स्थानीय सरकारका रूपमा निर्वाचित हामी जनप्रतिनिधिलाई प्राप्त जिम्मेवारी सफलतापूर्वक वहन गर्न सहयोग गर्नुहुने सम्पूर्ण नगरवासी दिदीबहिनी तथा दाजुभाइलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु। **"मध्य नेपालको सुन्दर सहर, समृद्ध र सुसंस्कृत भरतपुर महानगर"** को दीर्घकालीन सोचसहित अघि बढेको हाम्रो विकास र समृद्धिको यात्रा आज चौथो वर्ष पूरा गरी पाँचौ वर्षमा प्रवेश गर्दै गर्दा आठवटा नगर सभा सफलतापूर्वक सम्पन्न भइसकेका छन्। नगर प्रमुखका रूपमा यस गरिमामय नवौं नगरसभा समक्ष महानगरपालिकाको आगामी आर्थिक वर्ष २०७८/७९ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गर्वको अनुभूति भएको छ।

२. नेपाली जनताका बलिदानीपूर्ण आन्दोलनहरूको उपलब्धि स्वरूप प्राप्त संविधानसभाद्वारा निर्मित नेपालको संविधानले तीन तहका सरकारको व्यवस्था गरी शासकीय सत्तालाई जनताको घरदैलोमा पुऱ्याएको छ। अधिकार सम्पन्न स्थानीय सरकारको व्यवस्थाले प्रत्येक नागरिकलाई शासन प्रणालीमा प्रत्यक्ष रूपमा सहभागी हुन पाउने अधिकार सुनिश्चित गरेको छ। जनताको निकटमा रहेका स्थानीय सरकारहरू सोही अधिकारको अभ्यासमार्फत् नागरिकका हक अधिकारको संरक्षण गर्दै विकासका आकांक्षा पूरा गर्न प्रतिबद्ध भई अगाडि बढिरहेका छन्। यस अवसरमा नेपालमा प्रजातन्त्र र सङ्घीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिका लागि विभिन्न कालखण्डमा भएका आन्दोलनहरूमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात अमर शहीदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। साथै, विभिन्न आन्दोलनका क्रममा घाइते हुनु भएका तथा बेपत्ता नागरिकहरूप्रति उच्च सम्मान प्रकट गर्दछु।

३. कोभिड-१९ को पहिलो र दोस्रो चरणको महामारीमा ज्यान गुमाउनुहुने जनप्रतिनिधि, महानगरवासी

र सम्पूर्ण नेपालीहरूप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु। नयाँ भेरियन्ट सहितको कोरोना भाइरस सङ्क्रमण भई उपचाररत सबैको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु।

४. यति बेला विश्वसँगै सिङ्गो राष्ट्र र भरतपुर महानगर नयाँ भेरियन्ट सहितको कोरोना भाइरसको सङ्क्रमणले ल्याएको सङ्कट सामना गरिरहेको छ। यस महामारीको घडीमा महामारीले नागरिकको स्वास्थ्य तथा सामाजिक र आर्थिक क्षेत्रमा पारेको नकारात्मक प्रभावलाई व्यवस्थापन गर्नु अहिलेको मुख्य चुनौती भएको छ। हाम्रा स्रोत, साधन परिचालन तथा विकासका प्रयासलाई यिनै चुनौतीको सापेक्ष अगाडि बढाउनपर्ने परिस्थिति हाम्रा सामु विद्यमान छ।

५. कोरोना भइरसको पहिलो लहरमा हामीले कोरोना अस्थायी अस्पताल सञ्चालन, पि.सि.आर. परीक्षणको व्यवस्था, बागेश्वरीमा प्राकृतिक उपचार पद्धति सहितको उपचार, वडा स्तरमा आइसोलेसन निर्माण गरी कोरोना सङ्क्रमितको उपचार र व्यवस्थापन गरेका थियौं। यस पटकको नयाँ भेरियन्ट सहितको कोरोना भाइरसले ल्याएको महामारीलाई न्यूनीकरण गर्न महानगरले शिवनगर स्वास्थ्य केन्द्र र शारदानगर स्वास्थ्य चौकीलाई कोभिड अस्पतालमा स्तरोन्नति गरी संक्रमित नगरबासीहरूलाई निःशुल्क एम्बुलेन्स, शव बाहन तथा मृतकको अन्तेष्ठिका लागि निःशुल्क दाउरासहितको सेवा उपलब्ध गराउँदै आएको हामी सबैलाई विदितै छ। साथै महानगरबासीलाई कोरोना सङ्क्रमणबाट बचाउन आवश्यक सबै कदम चाल्दै आएको र आगामी दिनमा पनि जनआवश्यकता र आकांक्षालाई सर्वोपरी राखी अघि बढ्ने प्रतिबद्धता व्यक्त गर्न चाहन्छु। यस विषम परिस्थितिका बाबजुद नगरबासीका विकास निर्माणको आकांक्षा अनुरूप अघि बढ्न महानगरको नेतृत्त्व सदैव तत्पर रहेको कुरा यस गरिमामय सभा समक्ष अनुरोध गर्न चाहन्छु।

६. यस सन्दर्भमा हामी जनप्रतिनिधको कार्यकालका बितेका चार वर्षमा विकास निर्माणका क्षेत्रमा भएका प्रमुख उपलब्धिहरू स्मरण गर्न चाहन्छु।यस अवधिमा महानगरभित्र लामा छोटा गरी करिब ५१० किलोमिटर सडक कालोपत्रे भएको छ भने करिब ४५० किलोमिटर सडक ग्राबेल गरिएको छ। ९ वटा वडा कार्यालय निर्माण सम्पन्न, ६ वटा वडा कार्यालयको तला थप गरिएको छ भने ५ वटा वडा कार्यालयहरूको निर्माण कार्य अन्तिम चरणमा रहेको र बाँकी सबै वडा कार्यालयहरूको मर्मत र स्तरोन्नति गरी सेवा प्रवाहलाई सहज र सुविधायुक्त बनाइएको छ।

७. महानगरको सहयोग र समन्वयमा वडा नं १५ मा धुर्मुस-सुन्तली फाउन्डेसनद्वारा निर्माणाधीन राष्ट्रिय गौरवको ***गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रङ्गशाला***को निर्माण कार्य तीव्रताका साथ अगाडि बढिरहेको र सोका लागि आवश्यक बजेट व्यवस्थापन गर्न नेपाल सरकार र प्रदेश सरकारसँग समन्वय गरिंदै आएको छ।यसको निर्माण सम्पन्न पश्चात् नेपाली खेल क्षेत्रको विकासमा युगान्तकारी परिवर्तन हुने अपेक्षा गरिएको छ।

८. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सभा-सम्मेलनहरू गर्न र "सम्मेलन पर्यटन" विकासमा समेत टेवा पुऱ्याउन आफ्नै सिटी हल बनाउने महानगरको लक्ष्य अनुरुप महानगरपालिकाको समन्वयमा सहरी विकास मन्त्रालयबाट वडा नम्बर १० मा निर्माण कार्य शुरू भइरहेको छ। त्यस्तै, महानगरीय रिंगरोड, लिंकरोड, बाइपास रोडको स्तरोन्नति, पूर्व-पश्चिम राजमार्ग अन्तर्गत पुलचोक-गोन्द्राङ ६ लेन सडक निर्माणका साथै सहरी पूर्वाधार निर्माणका कार्य अघि बढिरहेका छन् । हुलाकी राजमार्ग विस्तार र स्तरोन्नति,चौबीसकोठी-चनौली-मेघौली सडक सहायक राजमार्गमा स्तरोन्नति भएको छ।लामो समयदेखि महानगरबासीले प्रतीक्षा गरे अनुसार भरतपुर विमानस्थललाई प्रादेशिक विमानस्थलको रुपमा स्तरोन्नतिको कामले अब गति लिन लागेको छ।साथै महानगरका अन्य केही ठूला आयोजनाहरू तीव्र रुपमा अघि बढिरहेका छन्।

९. भरतपुर महानगरीय चक्रपथको रेखाङ्कन गरी विस्तृत परियोजना प्रतिवेदन तयार गरिएको यस सभामा जानकारी गराउन चाहन्छु। नेपालकै पहिलो सबैभन्दा लामो यास चक्रपथको कुल लम्बाई ८८.६१५ किलोमिटर रहेको र विस्तृत परियोजना प्रतिबेदन बमोजिम निर्माण कार्य जारी रहेको जानकारी गराउन पाउँदा खुशी लागेको छ।

१०. विगत लामो समयदेखि प्रयास हुँदै आएको सामुदायिक विद्यालयको विद्यार्थी सङ्ख्याका आधारमा शिक्षक दरबन्दी मिलान र सबै विद्यालयमा तह अनुसार प्रधानाध्यापक व्यवस्थापनको कार्य सम्पन्न भएको छ। युवा स्वयंसेवक शिक्षक परिचालन कार्यक्रमले विद्यालयको शिक्षण सिकाइमा महत्त्वपूर्ण योगदान दिएको पाइएको छ। नयाँ विद्यालय भवन निर्माण, स्कुल कलर कोड अनुसार रङ र जस्ताको छाना भएका भवनमा जिप्सनको फल्स सिलिङ हाली बालमैत्री विद्यालय निर्माण जस्ता कार्यक्रमबाट विद्यालयको भौतिक पूर्वाधार विकासतर्फ उल्लेख्य कार्य भएको तथ्य हामी सबै सामु छर्लङ्ग छ।

११. भरतपुर महानगरपालिका वडा नं ३ मा आफ्नै स्वामित्त्व रहेको जग्गामा सार्वजनिक निजी साझेदारी अवधारणा बमोजिमको देशकै पहिलो नमूना परियोजनाको रुपमा दुई बेसमेन्ट पार्किङ्ग सहित चौध तले बहु-उद्धेशीय, व्यापारिक भवन **"भरतपुर मेट्रो प्लाजा"** निजी क्षेत्रको लगानीमा डिजाइन, निर्माण, संचालन, व्यवस्थापन र हस्तान्तरण गर्ने गरी ३० वर्ष अवधिका लागि निजी क्षेत्रसँग परियोजना विकास सम्झौता निकट भविष्यमा सम्पन्न हुँदैछ।

१२. यसै कार्यकालमा २ वर्ष अघि २०७६ कार्तिक ९ गते मानव सेवा आश्रमसँगको सहकार्य तथा सामाजिक संघसंस्थाहरूसँगको समन्वयमा भरतपुर महानगरलाई पहिलो सहयोगापेक्षी सडक मानवमुक्त महानगर घोषणा गरी कार्यान्वयन भएको कुराले हामी सबैलाई गर्वको अनुभूति भएको कुरा स्मरण गराउन चाहन्छु।

१३. विगत ४ वर्षको अवधिमा महानगरपालिकाभित्रका अतिक्रमित ६६ बिगाहा सार्वजनिक जमिन खोजी गरी संरक्षण गरिएको छ ।

१४. संघीय गणतन्त्रको स्थापनापश्चात् गठित यस स्थानीय सरकारलाई आफ्नो सरोकारको विषयमा कानुन निर्माण गरी कार्यान्वयन गर्ने चुनौतीहरु थिए। तथापि हामीले विगत चार वर्षमा महानगरपालिकालाई आवश्यक पर्ने **१९ वटा ऐन, ८ वटा नियमावली, ४९ वटा कार्यविधि, १० वटा निर्देशिका, १० वटा मापदण्ड समेत गरी जम्मा ९६ वटा** कानुनहरु निर्माण गरी कार्यान्वयनमा ल्याएको छौं। सुशासनको मुख्य सूचक नै कानुन बमोजिम कार्य गरिनु हो।विगत चार वर्षमा महानगरपालिकाले कानुन निर्माण र कार्यान्वयनमा महत्वपूर्ण उपलब्धि हासिल गरेको छ।यसले महानगरको आगामी नेतृत्वलाई कार्य गर्न सहज हुने विश्वास लिएको छु।

१५. भरतपुर महानगरपालिका र नेपाल टेलिकमबीच सम्झौता भए बमोजिम २९ वटै वडामा नेपाल टेलिकमको फाइबर जडान गरी डेडिकेटेड इन्टरनेट सञ्चालनका लागि सञ्जाल निर्माण कार्य सम्पन्न भएको छ । हरेक वडामा १ एमबिपिएसका दरले डेडिकेटेड इन्टरनेट उपलब्ध गराई अनलाइन घटना दर्ता, राजस्व संकलन लगायतका सेवा प्रवाह विद्युतीय माध्यमबाट गरिएको छ ।

१६. महानगरमा आपतकालीन कार्य सञ्चालन केन्द्र स्थापना गरी सञ्चालनमा ल्याइएको छ भने दमकल, डुङ्गा, नगर प्रहरीलाई जुनसुकै बखत पनि विपद् प्रतिकार्यमा जुटेर जनधनको रक्षा गर्न सक्ने गरी तयारी अवस्थामा राखिएको छ। साथै आगामी दिनमा केन्द्रको क्षमता वडास्तरसम्म विस्तार गरिनेछ ।

१७. भरतपुर २८ साझापुरमा आपतकालीन आवास (Emergency Shelter) को स्थापना गरिएको छ। साथै जङ्गली सिमानासँग जोडिएका बस्तीमा जङ्गली जनावारका कारण जनधनको क्षति न्यूनीकरण गर्न फाउन्डेसन सहितको मेस जाली घेराबार निर्माण गरिएको छ। यसबाट धेरै हदसम्म क्षति कम गर्न सहयोग पुग्ने महसुस गरको छु।

१८. भरतपुर केन्द्रीय बसपार्कको स्तरोन्नति र भरतपुर अस्पतालमा विरामी कुरुवा घर निर्माण भई सञ्चालनमा आएको छ।

१९. महानगरभित्र रानीपोखरी पार्क, देवीस्थान पार्क, राइनो पार्क, नवजागृति फन पार्क, विद्युतीय शवदाह गृह, लक्ष्मीनारायण मन्दिर निर्माणाधीन अवस्थामा छन्।

२०. महानगरका मुख्य ९० किमी सडकहरूमा स्मार्ट स्ट्रिट लाइटको जडान कार्य छिट्टै प्रारम्भ हुँदैछ।

२१. नारायणी नदीको सौन्दर्यीकरणसहतिको Sea Beach Model को निर्माण प्रक्रिया अघि बढिरहेको जानकारी गराउन चाहन्छु।

२२. नगरवासीलाई शुद्ध र गुणस्तरीय पिउने पानी वितरण प्रणाली व्यवस्थित गर्न शारदा नगर खानेपानी आयोजना, जखडिमाई खानेपानी आयोजना, दिव्यनगर खानेपानी आयोजना, पार्वतिपुर खानेपानी आयोजना, मेघौली खानेपानी आयोजना लगायतका आयोजना गरी २ अर्ब ४१ करोडको लागतमा खानेपानी आयोजना निर्माणको चरणमा रहेका छन्। यी सबै खानेपानी आयोजना सम्पन्न हुँदा

भरतपुरको खानेपानी प्रणाली थप व्यवस्थित हुने अपेक्षा गरेको छ।

२३. उल्लिखित पूर्वाधार विकासका दृष्टान्त तथा शिक्षा, स्वास्थ्य, सुशासन र कोरोना महामारी लगायतका विपद् व्यवस्थापन, मानवता प्रवर्धन एवं सामाजिक विकासका क्षेत्रमा भए गरेका कार्य र हासिल भएका उपलब्धिले हामी जनप्रतिनिधिको चार वर्षे कार्यकाल महानगरको समग्र विकासमा पूर्ण रूपमा सफल रहेको तथ्यलाई उजागर गर्दछन्।साथै यसै जगमा नगरवासीको सर्वोत्तम हित प्रवर्धन गर्ने, प्रशासनलाई विकासमैत्री बनाउने, कर्मचारीको मनोबल बढाई सुशासन प्रवर्धन गर्ने र फजुल खर्च कटौती गर्नेजस्ता मान्यताबाट निर्देशित भई आर्थिक वर्ष २०७८/७९को नीति तथा कार्यक्रम तयार पारिएको व्यहोरा सम्मानित नगरसभामा समक्ष अनुरोध गर्न चाहन्छु।

**उपस्थित नगर सभासदज्यूहरू,**

अब म आगामी आर्थिक वर्ष २०७८/७९ को लागि प्रस्तावित विषयगत नीति तथाकार्यक्रमहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु।

यस वर्षको नीति तथा कार्यक्रममा महानगरवासीको स्वास्थ्य सुरक्षालाई पहिलो प्राथमिकतामा राखिएको छ। साथै शिक्षा, कृषि क्षेत्रको व्यवसायीकरण, रोजगारमूलक क्रियाकलाप सिर्जना, उद्यम प्रवर्धन तथा पूर्वाधार विकासलाई प्राथमिकतामा राखिएको कुरा यस गरिमामय सभामा जानकारी गराउन चाहन्छु।

# पूर्वाधार विकास

## सडक तथा भवन निर्माण

१. महानगरपालिकाले सञ्चालन गरेका अधुरा योजनालाई प्राथमिकतामा राखी कार्यान्वयनमा ल्याइनेछ । यस आर्थिक वर्षदेखि योजना सार्ने प्रवृत्तिलाई क्रमशः निरुत्साहित गर्दै लगिनेछ ।

२. रोजगारी सिर्जना हुने र मेशिनरी औजार प्रयोग नहुने आयोजना सञ्चालन उपभोक्ता समितिबाट गरिनेछ र ठूला तथा मेशिनरी औजार प्रयोग हुने रू. ४० लाख भन्दा माथिका र २० प्रतिशतभन्दा कम जनसहभागिता भएका सडक आयोजना बोलपत्रमार्फत् कार्यान्वयनमा ल्याइनेछ ।

३. कृषि उत्पादनको बजारीकरण गर्न विभिन्न वडा सीमामा पर्ने गरी मुख्य कृषि सडकहरूको अध्ययन गरी यसै आ.व. बाट निर्माण कार्य प्रारम्भ गरिनेछ ।

४. महानगरीय चक्रपथ, हुलाकी सडक, भरतपुर—मेघौली सडकलाई एक आपसमा छुने पूर्व-पश्चिम एवं उत्तर-दक्षिण भएर जाने महत्त्वपूर्ण रणनितीक लिंक सडकहरूको अध्ययन गरी यसै आ.व. बाट निर्माण कार्य शुरू गरिनेछ।

५. तत्कालीन चितवन सिंचाइले सञ्चालन गरेको ड्रेनलाई सञ्चालनमा ल्याइनेछ भने आवश्यक नहरहरूलाई Green Belt को निर्माण गरी हरियालीयुक्त बनाइनेछ ।

६. निर्माण कार्य गुणस्तरीयताका लागि बोलपत्र प्रक्रियाबाट र उपभोक्ता समितिबाट निर्माण हुने आयोजनाहरूको ल्याब परीक्षण र अनुगमनकार्यलाई प्रभावकारी बनाइनेछ।

७. महानगरका मुख्य सडक तथा बजार क्षेत्रहरूमा स्मार्ट सडक बत्ती र स्मार्ट-पार्किङको व्यवस्था गरिनेछ ।

८. विद्युतीय सवारी साधनका लागि उपयुक्त स्थानमा Refreshing Centre सहितको Charging Station निर्माण गरीसञ्चालनमा ल्याइनेछ ।

९. मुख्य सहरी क्षेत्रमा सडक किनारमा पार्किङ हटाई सहरी सौन्दर्य कायम गर्न Multi-Storied Car Parking को निर्माण सञ्चालन, व्यवस्थापनका लागि निजी क्षेत्रसँग सहकार्य गरिनेछ ।

१०. सडकमा अनुचित ढङ्गबाट राखिएका निर्माण-सामग्रीका कारण आवागमनमा अवरोध हुने तथा दुर्घटना समेत हुने हुँदा त्यस्तो कार्यलाई कडाइका साथ नियन्त्रण गरिने छ ।

११. महानगरपालिकाका सबै वडा कार्यालय भवनहरूमा एकै प्रकारको रङ्ग लगाउने व्यवस्था मिलाइनेछ ।

१२. पूर्वाधार विकासको कार्यलाई व्यवस्थित गर्न आगामी वर्षहरूमा सञ्चालन गरिने सम्भावित ठूला आयोजनाहरूको "परियोजना बैंक" तयार गरिनेछ ।

१३. महानगरपालिका क्षेत्रभित्र सञ्चालन हुने विकास आयोजनाहरूको जनसहभागिता सम्बन्धी नीतिमा एकरुपता कायम गरिनेछ ।नयाँ सडक निर्माण सम्बन्धी आयोजनाहरूमा कम्तीमा २० प्रतिशत, अन्य पूर्वाधारजस्तै विद्यालय भवन, कल्भर्ट, सिंचाई, सामुदायिक भवन आदि आयोजनाहरूलाई कम्तीमा १० प्रतिशत र १६ मिटर वा सोभन्दा बढी चौडा सडक निर्माण तथा मर्मतमा जनसहभागिता अनिवार्य नगरिने तथा जनसहभागिता नजुट्ने आयोजनाको सञ्चालन बोलपत्रको माध्यमबाट कार्यान्वयनमा ल्याइनेछ ।

१४. वडास्तरीय आयोजनाहरूको रकमान्तर र कार्यक्रम संशोधन नगर्ने र अति आवश्यक भएको अवस्थामा सम्बन्धित वडाको सिफारिसमा कार्यपालिकाले निर्णय गरे बमोजिम मात्र हुनेगरी व्यवस्था मिलाइनेछ ।

१५. महानगरपालिका क्षेत्रभित्रका विद्युत, टेलिफोन, केबुल लाईन रइन्टरनेटकातारलाई चरणबद्ध रूपमा भूमिगत गर्दै लैजाने कार्यका लागि सम्बन्धित निकायसँग आवश्यक समन्वय गरिनेछ ।

१६. सडकमा जथाभावी गाडिएका विद्युतका पोलहरूलाई सडकको सडक अधिकार क्षेत्रभित्रको उचित स्थानमा स्थानान्तरण गरिनेछ ।

१७. सडक अधिकार क्षेत्र १६ मिटर भन्दा बढी भएका सडक निर्माण गर्दा हरियाली, फुटपाथ ढल तथा साइकल लेन बनाउने कार्यलाई निरन्तरता दिइनेछ ।

१८. महानगरपालिकाभित्रका ६ मिटरभन्दा बढी सडक अधिकार क्षेत्र भएका सडक कालोपत्रे गर्दा

आधुनिक प्रविधि अवलम्बन गरी निर्माण गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

१९. देश भित्रैको स्रोतसाधनलाई प्रयोग गरी पूर्वाधार निर्माण गर्ने नीतिलाई प्रोत्साहन गरिनेछ। साथै, ६ मिटरभन्दा कम सडक अधिकार क्षेत्र भएका सडकमा मोज्याक टायल लगाउने नीतिलाई निरन्तरता दिइनेछ ।

२०. सहरी संरचनालाई विश्वव्यापी मापदण्ड अनुरुपको बनाउन अपाङ्गमैत्री र वातावरणमैत्री भौतिक संरचना निर्माण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

२१. महानगरपालिका क्षेत्रको सडक सञ्जालहरूमा साइकलमैत्री सडक सर्भेक्षण गरी निश्चित सडकहरूलाई साइकलमैत्री सडक बनाइनेछ ।

२२. गौरवको आयोजनाका रूपमा रहेको गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रङ्गशाला निर्माण गर्न आवश्यक सहयोग तथा सरोकारवाला निकायसँग समन्वय गरिनेछ ।

२३. चक्रपथ, सिटी हल, पुल्चोक—गोन्द्राङ सडक लगायतका आयोजनाहरू समयमै सम्पन्न गर्न सम्बन्धित निकायसँग आवश्यक सहयोग र समन्वय गरिनेछ ।

२४. महानगरको सेवा प्रवाहलाई व्यवस्थित बनाउन बहुतले प्रशासनिक भवनको डिजाइन स्वीकृत भइसकेकोमा यस आर्थिक वर्षबाट निर्माण कार्यको प्रारम्भ गरिनेछ ।

२५. हाल निर्माण भैरहेको पुल्चोकदेखि गोन्द्राङसम्मको ६ लेनको सडकको दुवैतर्फ सतह ढल निर्माणको लागि डि.पि.आर. तयार गरी सम्बन्धित निकायमार्फत् निर्माण गर्न पहल गरिनेछ ।

२६. अति व्यस्त रहेको मालपोत चोकमा ओभरहेड ब्रिज निर्माण गरिनेछ ।

२७. मुख्य सडकहरूमा सडक कालोपत्रे गर्नुभन्दा पहिले सतह ढल निर्माण गरिनेछ ।

२८. भवन निर्माण संहितालाई कडाईका साथ कार्यान्वयन गरी सबै खाले घर टहरा निर्माण कार्यलाई नियमन गरी नक्सा पासको दायरामा ल्याइनेछ ।

२९. केरुङ्गा घोल, पुङ्गी खोला लगायतका स्थानहरूलाई महानगरको मूल सतह ढल(Storm Water Drainage) निकासको क्षेत्र घोषणा गरी संरक्षण, क्षमता वृद्धि तथा सौन्दर्यीकरण गरिनेछ ।

३०. महानगरभित्र एक सडकका भवनको अगाडिको भागमा एउटै रङ्ग लगाउने तथा एक सडक, एक विद्युत स्वीच जडान गर्ने नीति कार्यान्वयनमा ल्याइने छ ।

३१. वर्षाको समयमा डुबान हुने क्षेत्रको पानी निकासलाई सम्बन्धित वडाको संयोजनमा एकीकृत योजना तयार गरी कार्यान्वयन गरिनेछ ।

३२. हरेक वडाहरूको भौगोलिक तथा प्राकृतिक बनोट, विकास तथा सुविधाको पहुँच र पहिचानमा विविधता रहेकोले सोही बमोजिम विकास निर्माणको योजनाहरू कार्यान्वयन गरिनेछ ।

३३. विगत वर्षहरूमा महानगरपालिकाको पूर्वाधार विकासका लागि आवश्यक पर्ने निर्माण सामग्रीहरू जस्तै ग्राबेल, ढुंगा, माटो, बालुवा, रोडा आदि समयमा उपलब्ध हुन नसकी तोकिएका योजनाहरू समयमा नै सम्पन्न गर्न नसकेको कारण बाट भौतिक तथा आर्थिक प्रगति हुन नसकेको हुँदा सोको

निराकरणका लागि पूर्वाधार विकास समिति, सहरी पूर्वाधार महाशाखा र राजस्व शाखाबाट आगामी श्रावण महिनामा नै कार्य योजना तयार गरीIEE, Quantity Measurement सहितको वैज्ञानिक पद्धतिको विकास गरी कार्यान्वयनगरिने छ ।

३४. **"महानगरको पूर्वाधार हामी सबैको जीवनको सुनौलो आधार"**भन्ने भावनाको विकासको लागि नगरबासीहरूमा जनचेतनाको लागि स्थानीय एफएम रेडियो र टेलिभिजन मार्फत मेयर/उपमेयर/प्रमुख प्रशासकीय अधिकृत/पूर्वाधार महाशाखा प्रमुख र अन्य बुद्धिजीवी सरोकारवालाबीच साप्ताहिक अन्तरक्रिया कार्यक्रमको थालनी गरिनेछ । सोको लागि सञ्चारकर्मीहरूको समूह बनाई कार्यक्रम निर्माण गरिनेछ ।

३५. GIS को प्रयोग गरी वडा सिमाना, सडक सञ्जाल एवं सडक अधिकार क्षेत्र वर्गीकरण खुलेको महानगर यातायात गुरुयोजना तयार गर्ने कार्य यस आ.व. मा सम्पन्न गरिनेछ। GPS सिस्टम कार्यान्वन गरी सवारी साधनहरूमा Navigation जडान प्रविधि लागू गरिनेछ ।

## भू-उपयोग तथा बस्ती विकास

३६. महानगरपालिकाको आवधिक योजना (आ.व. २०७८/७९ — आ. व. २०८२/८३) तयार गरी MTEF(Mid Term Expenditure Framework) अनुसार Budget Planning गरिनेछ।

३७. महानगरपालिकाको बस्ती विकास तथा भवन निर्माण मापदण्डलाई वैज्ञानिक बनाउन आवश्यक परिमार्जन गरी महानगरीय बस्ती विकास तथा भवन निर्माण मापदण्ड तयार गरी कार्यान्वयनमा ल्याइनेछ।

३८. हरेक वडाको Local area plan तयार गरी वडागत गुरुयोजना तयार गरिनेछ ।

३९. सहरीक्षेत्रमा बसोवास गर्ने नागरिकहरूलाई शारीरिक व्यायामका लागि सार्वजनिक स्थलहरूमा आधुनिक खुल्ला व्यायामशाला स्थापना गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

४०. महानगरपालिकाको Vision Paper तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।

४१. महानगरपालिकाको जोखिम संवेदनशील भू-उपयोग गुरुयोजना (Risk Sensitive land use planning) तयार गरी नक्शापास प्रक्रियासँग जोडी कार्यन्वयनमा ल्याइनेछ ।

४२. महानगरपालिकाको सास्कृतिक सम्पदा सूचीहरूको सर्भेक्षण गरी महत्वपूर्ण सम्पदा स्थलहरूको सम्पदा संरक्षण गुरुयोजना (Cultural area Renovation Masterplan) तयार गरिनेछ ।

४३. यस महानगरका उपयुक्त स्थानमा ५० प्रतिशत भन्दा बढी जनताको माग भएका क्षेत्रमा व्यवस्थित वस्ती विकास (Land Pooling)कार्यक्रम सन्चालन गरिनेछ ।

४४. महानगरपालिकालाई हरियाली, वातावरणमैत्री तथा खेलकुदमैत्री सहरको रुपमा अगाडि बढाउन एक वडा, एक पार्क तथा एक वडा, एक खेल मैदान बनाउने कार्यलाई निरन्तरता दिइनेछ ।

४५. भरतपुर महानगरपालिकाको मुख्य सहरी क्षेत्रको जनघनत्त्वलाई समानान्तर (Balance) गर्न ग्रामीण

वडाहरूमा नयाँ सहर परियोजनाको अवधारणालाई अगाडि बढाइनेछ। जथाभावी जमिन खण्डीकरण गर्ने कार्यलाई निरुत्साहित गरिनेछ ।अव्यवस्थित बसोबास कार्यलाई नियन्त्रण गर्न भू-उपयोग नीति तथा मापदण्ड तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।

४६. महानगरका सार्वजनिक जमिन पहिचान तथा संरक्षण गर्ने कार्यलाई प्रभावकारी बनाई सो जमिन आवश्यकता अनुसार सार्वजनिक हितका लागि प्रयोगमा ल्याइनेछ ।

४७. महानगरभित्रका सबै सडकको नामाकरण गरी वैज्ञानिक घर नम्बर वितरण गर्ने कार्यको प्रारम्भ गरिनेछ।

४८. भरतपुर महानगरपालिकाको एकीकृत सहरी विकास आयोजना (Integrated/Comprehensive urban development plan) IUDP तयार गरिने छ ।

४९. भरतपुर महानगरपालिकाको वडा स्तरीय Thematic GIS base map तयार गरिने छ ।

५०. कुनै दुई वटा टोलमा Sky Line Maintain र Same Façade/Color को प्रयोग गरी उक्त टोलहरूलाई नमूना टोलको रुपमा विकसित गराइने नीति लिइनेछ ।

५१. औद्योगिक ग्राम सञ्चालन कार्यविधि तयार गरी कार्यान्वयनमा ल्याइने छ ।

## निजी क्षेत्रसँग सहकार्य

५२. भौतिक पूर्वाधार तथा सेवा प्रवाह गरिने ठूला र गौरवका आयोजनाहरूलाई सार्वजनिक-निजी साझेदारी (Public Private Partnership) को अवधारणाबाट सञ्चालन गरिने नीतिलाई निरन्तरता दिइनेछ ।

५३. महानगरपालिकाको मुख्य सहरी सडकहरूको पहिचान गरी निजी क्षेत्रको सहकार्यमा स्मार्ट सःशुल्क पार्किङ (Smart Pay Parking) को नीति अवलम्बन गरिनेछ ।

५४. जंगल आसपास बसोबासगर्ने गाई, भैंसी पालेका कृषक परिवारका लागि कृषक, महानगरपालिका र निजी क्षेत्रको लगानीमा बायोग्याँस प्रणाली निर्माण गर्ने कार्यको शुरुवात गरिनेछ ।

५५. महानगरको फोहरमैला व्यवस्थापनका लागि निजी क्षेत्रको लगानीमा सार्वजनिक निजी साझेदारी अवधारणा अनुसार इन्सिनेटरको व्यवस्थापन गरिनेछ । साथै निजी क्षेत्रको संग्लनतामा Sanitary Land fill site निर्माणका लागि अध्ययन प्रक्रियालाई अगाडि बढाइनेछ ।

५६. अटोल्यान्डको विस्तृत परियोजना प्रतिवेदन अनुसारका केही निश्चित कार्यहरू गर्न सम्बन्धित अटो व्यवसायीहरूसँग लागत सहभागिता गरिनेछ। सोको निर्माण कार्यका लागि महानगरबाट उचित बजेट व्यवस्थापन गरिनेछ ।

५७. पर्यटन मन्त्रालय तथा निजी क्षेत्रसँगको साझेदारीमा नारायणी नदी किनारामा निर्माणाधीन सामुद्रिक तट मोडल (Sea-Beach Model) सहितको मनोरञ्जन पार्क निर्माण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

## नियमित मर्मत-संभार

५८. महानगरका मर्मत गर्न आवश्यक देखिएका सडकहरूलाई तत्कालै मर्मत गरी खाल्टाखुल्टी रहित सडक निर्माणलाई विशेष महत्वका साथ कार्यान्वयन गरिनेछ ।

५९. निर्मित पूर्वाधारहरूको मर्मत-संभार योजना तयार गरी मर्मत कार्यलाई प्राथमिकताका साथ निर्माण गर्न आवश्यक बजेटको व्यवस्थापन गरिनेछ । साथै मर्मत सम्भार इकाईलाई शाखाको रुपमा परिणत गरिनेछ ।

६०. निर्मित पूर्वाधारहरूको मर्मत-संभार योजना कार्यन्वयनका लागि स्थापित मर्मत सम्भार कोषलाई निरन्तरता दिइनेछ ।

## यातायात

६१. कार्बन रहित सवारी साधनहरूलाई ग्रिन स्टिकर टाँस गर्ने कार्यको थालनी गरिने छ।

६२. ट्राफिक कार्यालयसँग समन्वय गरी Real Time Observation Systemजडान गर्ने व्यवस्था गरिनेछ।

६३. बढ्दो सडक दुर्घटना न्यूनीकरणको लागि विद्यालय तथा कलेज स्तरका विद्यार्थीहरूलाई लक्षित गरी जिल्ला ट्राफिक कार्यालय र स्काउटसँग समन्वय गरी ट्राफिक नियम सम्बन्धी जनचेतना कार्यक्रम गरिनेछ ।

६४. ट्राफिक व्यवस्थापनको लागि रुट परमिट साथै स्टिकर टाँसको कार्यक्रमलाई यातायात कार्यालयसँग समन्वय गरी निरन्तरता दिइनेछ ।

## खानेपानी

६५. महानगरवासीलाई शुद्ध पिउने पानीको व्यवस्था गर्न ***एक घर एक धारा***को नीति अवलम्वन गरिने छ।

६६. महानगरभित्र भरतपुर खानेपानी व्यवस्थापन बोर्ड तथा उपभोक्ता समितिहरूमार्फत् सञ्चालन हुने सहलगानी खानेपानी आयोजनाहरूको लागि महानगरबाट पनि साझेदारी र सहभागिता गरिनेछ ।

६७. महानगरभित्र एकीकृत खानेपानी तथा ढल व्यवस्थापनको लागि संघीय खानेपानी तथा ढल व्यवस्थापन विभागसँग आवश्यक समन्वय गरी यसै आर्थिक वर्षमा DPR स्वीकृत गरी निर्माण कार्य अगाडि बढाइनेछ।

६८. खानेपानी व्यवस्थापन बोर्डले महानगरपालिकासँगको समन्वयमा न्यूनतम् मापदण्ड पुगेका सहरी सडकका दायाँ-बायाँ खानेपानी पाइपलाइनको विस्तार गरिनेछ।

६९. खानेपानीको पाइपलाइन मर्मत र विस्तार, विपन्नहरूलाई मिटर र धारा जडानमा अनुदान लगायतका कार्यक्रम भरतपुर खानेपानी व्यवस्थापन बोर्डको समन्वयमा कार्यान्वयन गरिने छ।

७०. खानेपानीको स्रोत विस्तार एवं व्यवस्थापनका लागि उचित स्थानहरूमा डिप बोरिङ लगायतका संरचना निर्माण गर्न आवश्यक पर्ने जग्गा व्यवस्थापनका लागि सम्बन्धित वडासँगको समन्वयमा कार्यान्वयनमा ल्याइने छ।

७१. भरतपुर महानगरपालिकाभित्र विभन्न उपभोक्ता समिति र खानेपानी व्यवस्थापन बोर्डबाट सञ्चालित आयोजनाहरूको ग्राहक उपभोक्ता मूल्य समायोजन गर्न क्रमशः बोर्डमा समायोजनको नीति अवलम्बन गरिनेछ ।

## कर्मचारी प्रशासन, जनशक्ति विकास तथा सुशासन

७२. महानगरपालिकाबाट प्रवाहित सेवा सुविधाहरू छिटो-छरितो र मितव्ययी ढङ्गबाट उपलब्ध गराउन निर्णय प्रक्रियालाई छोट्याई प्रशासनिक संयन्त्रलाई थप सुदृढ गरिनेछ। साथै, सार्वजनिक सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन महानगरपालिका अन्तर्गत पाँचवटा सेवा केन्द्रहरूको स्थापना गरिनेछ।

७३. नागरिक बडापत्रलाई समयानुकूल अद्यावधिक गरी स्तरीय बनाउन Digital प्रविधिको प्रयोग गरिनेछ।

७४. प्रत्येक पद, सेवा, समूहको कार्यविवरण (Job Description) तयार गरी प्रत्येक कर्मचारीहरूलाई कार्यविवरण सहितको जिम्मेवारी दिइनेछ। साथै महाशाखा र शाखा प्रमुखहरूसँग कार्यसम्पादन करार गरिनेछ ।

७५. महानगरपालिकाको सार्वजनिक स्रोत-साधन र कामकारवाहीको कुशल व्यवस्थापन गरी नगरवासीले प्रत्यक्ष अनुभूत गर्नेगरी जवाफदेही, पारदर्शी, समावेशी, स्वच्छ र प्रविधिमैत्री बनाउँदै सुशासनयुक्त बनाइनेछ ।

७६. तालिम, अध्ययन, भ्रमण, अभिमुखीकरणबाट ज्ञान, सीप अनुभवको आदानप्रदान गर्ने र सफल अभ्यासबाट सिक्ने परिपाटीको विकास गरिनेछ ।

७७. महानगरपालिकाद्वारा बनेका कानुनका पूर्ण परिपालना गरी यस महानगरपालिकालाई विधिको शासन कायम गर्ने एक नमूना महानगरपालिकाको रूपमा विकास गरिनेछ।

७८. महानगरपालिकामा हाल ६२० जना कर्मचारीहरू कार्यरत छन्। छरितो व्यवस्थापनको लागि आवश्यक कर्मचारीको दरबन्दी किटान गर्नुपर्ने भएकोले आर्थिक वर्ष २०७८/७९ भित्र सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण (O & M Survey) गरिनेछ।

७९. कर्मचारीहरूको कार्यक्षमता बढाउन कर्मचारीमैत्री वातावरण, भौतिक स्रोत, साधनको व्यवस्था, कर्मचारीको सेवाको सुरक्षा लगायत विषयहरूलाई व्यवस्थित गरिनेछ।

८०. सेवा प्रवाहलाई उत्तरदायी, पारदर्शी जनमुखी बनाउन नागरिक समाज लगायत बहुसरोकारवालाहरूको

सहभागिता बढाइनेछ। सेवाग्राही सन्तुष्टि सर्वेक्षण गरी पृष्ठपोषण लिने पद्धति अवलम्बन गर्दै प्रविधिमैत्री बनाउन आवश्यक पहल गरिनेछ।

८१. आर्थिक प्रशासनका क्रियाकलापहरू नतिजासँग आवद्ध गरी प्रभावकारी रूपमा आर्थिक अनुशासन कायम गरिनेछ। आन्तरिक लेखापरीक्षण, सार्वजनिक सुनुवाइ र सामाजिक लेखापरीक्षण समेतलाई थप प्रभावकारी बनाइनेछ।

८२. आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गर्न निर्देशिका तयार गरी पूर्णरूपमा कार्यान्वयनमा ल्याइनेछ।

८३. सार्वजनिक सेवालाई थप प्रभावकारी बनाउन भ्रष्टाचारविरुद्ध शून्य सहनशिलताको नीति मार्फत् सार्वजनिक प्रशासनमा सदाचारिता अभिवृद्धि गरिनेछ। साथै महानगरपालिकाका सेवाग्राही तथा सरोकारवालाहरूले विभिन्न माध्यमहरूबाट राख्ने गुनासो, जिज्ञासा एवम् सवालहरूको प्रभावकारी सुनुवाइको व्यवस्था गरिनेछ।

८४. "नगरबासीसँग मेयर सम्वाद कार्यक्रम" मार्फत मासिक रूपमा नगरबासीको प्रत्यक्ष गुनासो सुनुवाइ हुने व्यवस्था गरिनेछ।

८५. महानगरपालिकाका सेवा सुविधाहरूलाई कोभिड-१९ लगायतका महामारी जस्ताप्रतिकूल परिस्थितिमा पनि घरैबाट सहज रूपमा सेवा प्राप्त गर्न सक्ने गरी क्रमशः E-Governance मा जोड दिइने छ।

८६. महानगरपालिकाद्वारा सञ्चालित विकास निर्माण तथा निर्णय प्रक्रियामा जनसहभागितालाई उच्च प्राथमिकता दिइनुका साथै उक्त प्रक्रियामा समावेशीकरणको सिद्धान्त लागु गरिनेछ।

८७. महानगरपालिकाका गतिविधिहरूलाई पारदर्शी बनाउन वेबसाइट अद्यावधिक गरी सूचनाको हक सम्बन्धी कानुनलाई पूर्णरूपमा कार्यान्वयन ल्याइनेछ।

८८. महानगरपालिकामा कार्यरत जनशक्तिलाई उत्प्रेरित तथा उच्च मनोबलका साथ कार्यसम्पादन गर्नको लागि आर्थिक वर्ष २०७८/७९ देखि लागु हुनेगरी यस महानगरपालिका र अन्तर्गत कार्यरत कर्मचारीहरूको मनोबल उच्च बनाउन अधिकृतस्तरका कर्मचारीहरूलाई तलबमानको १० प्रतिशत र सहायकस्तर तथा श्रेणीविहीनका कर्मचारीहरूलाई तलबमानको १५ प्रतिशत प्रोत्साहन भत्ताको व्यवस्था गरिनेछ। साविकमा उपलब्ध गराउँदै आएको खाजा भत्तालाई यसैमा समायोजन गरिएको छ।

८९. कर्मचारीलाई आफ्नो कार्य जिम्मेवारीप्रति थप उत्तरदायी बनाउन र आचरणमा सकारात्मक परिवर्तन ल्याउन दण्ड र पुरस्कारको प्रभावकारी व्यवस्था गरिनेछ।

९०. अन्तर सम्बन्धित विषयहरूमा नेपाल सरकार, प्रदेश सरकार र अन्य स्थानीय सरकार तथा जिल्ला समन्वय समितिसँग आवश्यक समन्वय र सहकार्य गरिनेछ।

## आन्तरिक व्यवस्थापन तथा खरिद

९१. महानगरपालिकाको आन्तरिक व्यवस्थापन तथा खरिद सम्बन्धी कार्यलाई पारदर्शी, मितव्ययी, प्रतिस्पर्धी र प्रविधिमैत्री बनाइनेछ।

९२. महानगरपालिकाको जिन्सी श्रेस्ता प्रणालीलाई सफ्टवेयर मार्फत् व्यवस्थित गरिनेछ।

९३. महानगरपालिका र मातहतका निकायहरूमा रहेका जिन्सी सामग्रीहरूको अभिलेखीकरण, रेखदेख, संरक्षण, मर्मतसम्भार, लिलाम बिक्री सम्बन्धी कार्यलाईप्रभावकारी बनाइने छ।

९४. महानगरपालिकाको खरिद कार्यलाई व्यवस्थित गर्न वार्षिक खरिद गुरुयोजना तयार गरी अनिवार्य रुपमा सोको कार्यान्वयन गरिनेछ।

९५. खरिद इकाइ समिति, आन्तरिक व्यवस्थापन तथा खरिद शाखा र खरिद इकाइको संस्थागत क्षमता विकास गरिनेछ।

## न्यायिक समिति

९६. नेपालको संविधान २०७२ ले परिकल्पना गरे अनुसार स्थानीय अदालतका रुपमा न्यायिक समितिबाट हुने न्याय निरुपणलाई सर्वसुलभ र छिटो छरितो रुपमा सम्पादन हुँदै आएको र त्यसलाई आगामी दिनमा थप प्रभावकारी बनाउन आवश्यक स्रोतसाधनको व्यवस्था गरिनेछ ।

९७. न्यायिक समिति र वडाका मेलमिलाप समितिको क्षमता विकासमा जोड दिइनेछ।

## सामाजिक विकास

### शिक्षा विकास

९८. महानगर भित्रका पूर्व प्राथमिक उमेर समूहका सबै अवस्थाका बालबालिकाको प्रारम्भिक बाल शिक्षामा समतामूलक पहुँच सुनिश्चित हुने गरी बाल विकास केन्द्र तथा पूर्व प्राथमिक कक्षाहरूको अनुमति, नियमन तथा व्यवस्थापन सुधार गरिनेछ ।

९९. हाल बाल विकास केन्द्रमा कार्यरत बाल विकास सहजकर्ता तथा विद्यालय कर्मचारीलाई नेपाल सरकार र प्रदेश सरकारसँग समन्वय गरी न्यूनतम पारिश्रमिक उपलब्ध गराउन पहल गरिनेछ ।

१००. नेपालको संविधानको प्रावधान एवं दिगो विकास लक्ष्य बमोजिम सबै बालबालिकाको निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षामा पहुँच प्रत्याभूतिका लागि वडा शिक्षा समिति गठन गरी सबै बालबालिकाको आधारभूत शिक्षाको हक सुनिश्चित गर्ने व्यवस्था मिलाइने छ । लक्षित समूहका बालबालिकालाई महानगर छात्रवृत्ति प्रदान गरिने छ ।संस्थागत विद्यालयबाट प्रदान गरिने छात्रवृत्तिलाई महानगरको सिफारिसमा उपलब्ध गराउन पर्ने व्यवस्था मिलाइनेछ ।

१०१. गुणस्तरीय शिक्षण-सिकाइको वातावरण निर्माण गर्न सबै सामुदायिक विद्यालयहरूमा इन्टरनेट,

कम्प्युटरको व्यवस्थाका साथै विषयगत रूपमा शैक्षिक सामग्री व्यवस्थापनका लागि स्रोत साधन उपलब्ध गराइनेछ। विद्यालयमा नवप्रर्तनलाई प्रोत्साहन गर्नस्टेम एजुकेसन (STEM Education) कार्यक्रमलाई नमुनाको रूपमा कार्यान्वयनमा ल्याइने छ।

१०२. विद्यालयलाई अपाङ्गतामैत्री र छात्रामैत्री बनाउने गरी न्यूनतम भौतिक पूर्वाधार विकास कार्यलाई निरन्तरता दिइनेछ ।सबै विद्यालयमा लैङ्गिक सम्पर्क शिक्षकको व्यवस्था गरी विद्यालयलाई छात्रामैत्री बनाउने नीतिलाई निरन्तरता दिइनेछ ।

१०३. बालबालिकाको प्रतिभा प्रस्फुटनका लागि स्तर र अवस्था अनुसार उपयुक्त सहक्रियाकलापका अवसर प्रदान गरिनेछ ।

१०४. महानगर शिक्षा नीतिमा उल्लेख भएबमोजिम तीन वर्षमा सम्पन्न गर्ने गरी कार्यान्वयनमा ल्याइएको जस्तापाताको छानो भएका सबै कक्षाकोठामा फल्स सिलिङ र विद्यालय कलर कोड अनुसार सबै विद्यालयको रङ्गरोगनको कार्य यस आ. व. मा सबै विद्यालयलाई समेटी सम्पन्न गरिनेछ।

१०५. कोभिड-१९ को सङ्क्रमणका कारण प्रभावित विद्यालयको पठनपाठनलाई निरन्तरता दिन शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय तथा प्रदेश सरकारसँगको समन्वयमा वैकल्पिक माध्यमबाट सिकाइ सहजीकरण गरिनेछ ।

१०६. कोभिड-१९ को प्रभावबाट जोखिममा पर्नसक्ने लक्षित वर्ग, विपन्न तथा सामाजिक रुपले पछाडि परेका, अटिज्म/डाउन सिन्ड्रोम लगायत विशेष आवश्यकता भएका बालबालिकाको शिक्षामा सहज पहुँचका लागि प्रोत्साहन गरिनेछ ।

१०७. विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको विद्यालयमा निःशुल्क स्वास्थ्य परीक्षणको व्यवस्था मिलाइने छ ।

१०८. लक्षित वर्ग, विपन्न, सामाजिक रुपले पछाडि परेका तथा द्वन्द्व पीडित बालबालिकाहरूको पढाइलाई सुनिश्चित गर्न बालबालिकासँग मेयर कार्यक्रमलाई निरन्तरता दिइनेछ । एस. ओ. एस. बालग्राम जस्ता संघसंस्थासँग तथा संस्थागत विद्यालयसँग समन्वय गरी अनाथ र असहाय बालबालिकाको शिक्षाको प्रबन्ध मिलाइने छ ।

१०९. शिक्षालाई उत्पादनसँग जोड्दै श्रमको सम्मान गर्ने संस्कृति विकास गर्न माध्यमिक तहका विद्यार्थीका लागि "पढ्दै कमाउँदै" कार्यक्रम विस्तार गरिने छ ।

११०. महानगरपालिकाभित्र उच्च शिक्षालाई सहज बनाउन आवश्यक संयोजनकारी नीति लिइनेछ । महानगरको वडा नं. १५ रामपुरमा त्रिभुवन विश्वविद्यालयसँगको समन्वयमा सञ्चालित चितवन इन्जिनियरिङ क्याम्पस र CTEVT सँगको समन्वयमा भरतपुरको वडा नं. २३ मा सञ्चालित भरतपुर बहु-प्राविधिक शिक्षालय, जगतपुरलाई प्रभावकारी रूपमा सञ्चालन गर्न आवश्यक सहयोग समन्वय गरिनेछ ।

१११. सामुदायिक विद्यालयमा इन्टरनेट र प्रविधिको माध्यमबाट शिक्षण-सिकाइ गर्न शिक्षकलाई प्रोत्साहित गरिनेछ । विषय समितिहरू मार्फत् शिक्षकको पेशागत दक्षता र सूचना प्रविधिको उपयोग क्षमता अभिवृद्धि गरिनेछ । सामुदायिक तथा संस्थागत विद्यालयका प्रधानाध्यापकहरूका लागि व्यवस्थापन तालिम सञ्चालन गरिने छ ।

११२. माध्यमिक तहमा विज्ञान विषय र प्राविधिक शिक्षाको विस्तारमा जोड दिइने छ ।

११३. सामुदायिक विद्यालयमा विद्यार्थीको सिकाइ सहजीकरणका लागि आवश्यकता अनुसार युवा स्वयंसेवक शिक्षक परिचालन गरिनेछ ।

११४. गत शैक्षिक सत्रबाट कार्यान्वयनमा ल्याइएको "हाम्रो गौरव, हाम्रो भरतपुर" विषयको कक्षा १-८ को स्थानीय पाठ्यक्रम नेपाल सरकारबाट नयाँ पाठ्यक्रम लागु हुने तालिका अनुसार कक्षा ८ सम्म कार्यान्वयनमा ल्याइनेछ ।

११५. गुणस्तर अभिवृद्धिका लागि स्वस्थ शैक्षिक प्रतिस्पर्धाको वातावरण सिर्जना गर्न न्यूनतम पूर्वाधार र गुणस्तरको मापदण्ड निर्धारण गरी कार्यान्वयनमा ल्याइएको ***एक वडा एक नमूना विद्यालय*** कार्यक्रमलाई निरन्तरता दिइनेछ । स्पष्ट र मापनीय सूचकका आधारमा महानगर स्तरमा समेत नमूना उन्मुख विद्यालय पहिचान तथा विकासको कार्य अगाडि बढाइने छ ।

११६. विद्यालयको अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी बनाई सामुदायिक तथा संस्थागत विद्यालयका प्रधानाध्यापक, शिक्षक र विद्यार्थीलाई नतिजाका आधारमा र बालशिक्षा केन्द्रलाई व्यवस्थापनका आधारमा पुरस्कृत गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

११७. विद्यार्थी सङ्ख्या र भूगोलका आधारमा सामुदायिक विद्यालयको मूल्याङ्कन गरी शिक्षक दरबन्दी मिलान तथा विद्यालय समायोजनको कार्यलाई निरन्तरता दिइनेछ ।

११८. निजी तवरबाट सञ्चालित छात्राबासहरूलाई कानुन निर्माण गरी नियमन गरिनेछ ।

११९. विद्यालय समायोजन भई टाढाबाट विद्यार्थी ओसारपसार गर्नुपर्ने अवस्थाका र माध्यमिक तहमा प्राविधिक र विज्ञान विषय अध्यापन गर्ने विद्यालयलाई आवश्यकताका आधारमा स्कुल बस व्यवस्थाका लागि अनुदान उपलब्ध गराइनेछ।

१२०. अध्ययन अनुसन्धानमा सहज हुने गरी नगरकार्यपालिकाको हाताभित्रै आधुनिक सुविधा सम्पन्न पुस्तकालय स्थापना गरी क्रमशः स्तरोन्नति गर्दै लगिने छ। सामुदायिक सिकाइ केन्द्रलाई आवश्यकता र क्षमताका आधारमा सामुदायिक पुस्तकालयका रूपमा विकास गरी निरन्तर शिक्षा र पठन संस्कृतिको विकासमा जोड दिइनेछ ।

१२१. विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरूलाई कोभिड-१९ विरुद्धको खोपको प्रबन्ध मिलाउन आवश्यक पहल गरिनेछ ।

## युवा तथा खेलकुद

१२२. कोभिड–१९ का कारण सिर्जना हुने बेरोजगारीलाई कम गर्न तथा युवा उद्यमशिलता प्रवर्द्धनका लागि युवा उद्यम घुम्ती कोष स्थापना गरी नेपाल सरकारद्वारा जारी सहुलियपतूर्ण कर्जामा ब्याज अनुदान सम्बन्धी कार्यविधि बमोजिम बैंकबाट कर्जा लिने महानगरका युवालाई कार्यविधि निर्माण गरी लाग्ने ब्याज अनुदान उपलब्ध गराइनेछ । निजी क्षेत्रसँगको सहकार्यमा युवालाई स्टार्ट अप तालिम प्रदान गरी उद्यमी युवा तयार पारिनेछ ।

१२३. युवामा स्वयंसेवी भावना बढाउन, सामाजिक जिम्मेवारी बोध गराउन, विपद् व्यवस्थापनमा योगदान गर्न तथा सामाजिक सुधारका कार्यमा परिचालन गर्न युवा स्वयंसेवा कार्यक्रम सञ्चालन गरिनेछ । नेपाली सेना, सशस्त्र प्रहरी बल, नेपाल प्रहरी, नेपाल रेडक्रस सोसाइटी र नेपाल स्काउट जस्ता संस्थाहरूसँगको समन्वयमा युवाहरूलाई विपद् व्यवस्थापन तथा स्वयंसेवा सम्बन्धी तालिम दिई परिचालन गर्ने व्यवस्था मिलाइनेछ ।

१२४. युथ पार्लियामेन्टको अभ्यास लगायतका कार्यक्रममार्फत् नगर युवा सञ्जाल तथा वडा युवा क्लबमा आबद्ध युवाको नेतृत्व विकासमा जोड दिइनुका साथै युवा प्रतिभा प्रदर्शनका अवसर प्रदान गरिनेछ ।

१२५. श्रमको सम्मान गर्ने संस्कृति विकास गर्न कृषि, पशुपालन तथा स्थानीय कच्चा पदार्थमा आधारित उद्यमी तथा स्वरोजगार युवालाई सम्मान र प्रोत्साहन गरिनेछ ।

१२६. विद्यालय तहदेखि नै खेल प्रतिभा प्रस्फुटनको वातावरण निर्माण गर्न विद्यालयलाई खेल सामग्री उपलब्ध गराउनुका साथै राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्ने खेलाडी र विद्यालयलाई पुरस्कृत गरिनेछ ।

१२७. **एक वडा एक खेल मैदान** वा **एक विद्यालय एक खेल मैदान** विकास कार्यक्रमलाई निरन्तरता दिइने छ ।विद्यालयका खेल मैदानलाई स्तरोन्नति गर्दै लगिने छ ।

१२८. राष्ट्रिय तथा नगरस्तरीय खेल प्रतियोगिता सञ्चालनका लागि प्रोत्साहन गर्ने कार्यलाई निरन्तरता दिइने छ । अन्तर्राष्ट्रिय, राष्ट्रिय, प्रदेशस्तरीय खेलमा पदक जित्ने महानगरका खेलाडीहरूलाई पुरस्कृत गरिनेछ ।

१२९. खेलकुद क्षेत्रको विकासका लागि आवश्यक कानुन निर्माण गरी नगर खेलकुद विकास समिति गठन गरिनेछ ।

१३०. महानगरपालिका भित्र साहित्य, कला र संस्कृतिको अध्ययन, अनुसन्धान, संरक्षण, संवर्धन कार्यका लागि समिति गठन गर्ने गरी कार्य अगाडि बढाइनेछ ।

## लैङ्गिक समानता, महिला सशक्तीकरण र सामाजिक समावेशीकरण

१३१. महिलासँग "मेयर तथा जोखिम समुदायसँग मेयर कार्यक्रम" र "उपमेयरसँग समन्यायिक विकास कार्यक्रम" लाई निरन्तरता दिइनेछ ।

१३२. **"मध्य नेपालको सुन्दर सहर, समृद्ध र सुसंस्कृत भरतपुर महानगर"** भन्ने नारालाई मूर्त रूप दिन महानगरमा रहेका विपन्न महिला, बालबालिका, सीमान्तकृत, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति एकल महिला दलित, मुस्लिम, पिछडा वर्ग, आदिबासी जनजाति, यौनिक अल्पसंख्यक द्वन्द्व पीडित तथा प्रभावित तथा वञ्चितीमा परेका लक्षित समुदायको आर्थिक एवम् सामाजिक सशक्तीकरणका कार्यक्रममा जोड दिइनेछ।

१३३. आर्थिक रूपमा विपन्नहरूको क्षमता विकासका लागि उद्यमशिलता र रोजगारीका अवसर सृजना गर्दै दिगो जीविकोपार्जनका कार्यक्रमहरूलाई प्रोत्साहन गर्दै लगिनेछ । साथै व्यवसाय स्थापनाका लागि वस्तुगत टेवास्वरुप पूँजीगत अनुदान उपलब्ध गराइने व्यवस्था मिलाइनेछ ।गरीबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमलाई यस वर्ष पनि निरन्तरता दिइनेछ ।

१३४. महिला तथा बालबालिका उपर हुने सबै प्रकारका हिंसा अन्त्यका लागि सबै वडाहरूमा अभियानमूलक कार्यक्रम सञ्चालन गरिनेछ । हिंसाविरूद्ध शून्य सहनशिलताको नीति अनुरुप लैङ्गिक हिंसा व्यवस्थापन गर्ने गरी प्रत्येक वडामा एक मनोसामाजिक विमर्षकर्ता रहने व्यवस्था मिलाइनेछ । लैङ्गिक हिंसा सम्वन्धी घटनालाई तत्काल सम्बोधन गर्ने गरी महानगरमा लैङ्गिक हिंसा निवारण डेस्कको स्थापना र नियमित सुनुवाइ प्रक्रियालाई व्यवस्थित गर्दै लगिनेछ ।

१३५. जनआन्दोलन, जनयुद्ध र मधेस आन्दोलन लगायतका राजनीतिक आन्दोलनमा शाहदत प्राप्त गर्ने सहिद परिवार र बेपत्ताका परिवारलाई जीवन निर्वाह सहायता उपलब्ध उपलब्ध गराइनेछ।

१३६. लैङ्गिक हिंसा व्यवस्थापन कार्यविधिमा उल्लेख भए बमोजिम हिंसा प्रभावितहरूलाई तत्काल राहत उपलब्ध गराउने व्यवस्था मिलाइनेछ । घरेलु हिंसा, मानव बेचबिखन तथा ओसारपसार, साइबर अपराधसँग जोडिएर हुने घटना व्यवस्थापनमा सरोकारवाला निकायहरूसँग सहकार्य र समन्वय विस्तार गरिनेछ ।

१३७. महानगरका सबै वडाहरू मार्फत् लक्षित वर्ग विशेष कार्यक्रमका लागि निश्चित प्रतिशत रकम विनियोजन गरिनेछ, साथै यस्ता कार्यक्रम सञ्चालनमा एकरुपता ल्याउन कार्यक्रम सञ्चालन मार्गदर्शन तयार पारी सो अनुरुप गर्ने नीति अवलम्वन गरिनेछ ।

१३८. विशेष संरक्षणको आवश्यकता भएका असहाय, एकल महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्ति, सहयोगापेक्षी सडक मानवहरूका लागि संरक्षण सेवा प्रवाह गर्ने व्यवस्थाका लागि संघ तथा प्रदेश सरकारसँगको सहकार्यलाई निरन्तरता दिइनेछ ।साथै मध्यम अपाङ्गता भएका व्यक्तिहरूलाई कार्यविधि बमोजिम निःशुल्क स्वास्थ्य बीमा कार्यक्रम कार्यान्वयनमा ल्याइनेछ ।

१३९. **"हाम्रा बालबालिका हाम्रो भविष्य"** भन्ने मान्यता अनुसार बालमैत्री शासन पद्दति अनुरुप बालमैत्री स्थानीय वडा समितिको गठन र परिचालनमा जोड दिनुका साथै बालबालिका विरूद्ध हुने सबै प्रकारका हिंसा र शोषण निषेधको नीतिलाई निरन्तरता दिइनेछ ।

१४०. नगर क्षेत्र भित्र सञ्चालनमा रहेका बालगृहलाई व्यवस्थित गर्न आवासीय बालगृह सञ्चालन मापदण्ड प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याइनेछ साथै बालगृहको अनुगमन र नियमनमा निरन्तरता दिइनेछ ।महानगर क्षेत्र बाहिरका बालबालिकालाई बालगृहमा संरक्षण दिने कार्यलाई निरुत्साहन गर्दै लगिनेछ ।

१४१. बालबालिकाको सर्वोत्तम हितका लागि स्थापित **बालकोषमा** बालबालिकाको हक हित सम्बन्धमा व्यवस्था गर्न बनेको स्थानीय बालअधिकार कार्यविधिमा उल्लेख भए बमोजिमको स्रोत व्यवस्थापन गर्दै लगिनेछ ।

१४२. कानुनले पूर्ण रुपमा निषेध गरे बमोजिम महानगरलाई छुवाछुत, भेदभाव एवम् बालविवाह मुक्त बनाउन आवश्यक कार्यक्रम सञ्चालन तथा अनुगमन नियमन गरिनेछ ।

१४३. विकास साझेदारका रूपमा रहेका गैह्रसरकारी संघसंस्थाको दर्ता नवीकरण र गतिविधिहरूको कानुन वमोजिम नियमन गरिनेछ । साथै महानगर क्षेत्र भित्र अनुमति बिना सञ्चालनमा रहेका संरक्षण गृह एवम् पुर्नस्थापना केन्द्र कानुन बमोजिम नियमन गरिनेछ ।

१४४. **"भरतपुर महानगरपालिकाको विकासमा नागरिकको सहभागिता"** भन्ने नारालाई मूर्त रूप दिन हाल महानगरभित्र रहेका टोल विकास संस्थालाई अझ बढी क्रियाशील र व्यवस्थित बनाउँदै लगिनेछ । टोलविकास संस्थाको गठन र परिचालन सम्बन्धमा कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

१४५. एक वडा एक ज्येष्ठ नागरिक विश्रामस्थल कार्यक्रमलाई निरन्तरता दिदै यस आर्थिक वर्षमा अन्य वडाहरूमा समेतज्येष्ठ नागरिक विश्रामस्थल निर्माण र सञ्चालन गरी ज्येष्ठ नागरिकको सहज र सम्मानपूर्ण जीवनयापनका लागि उचित वातावरण तयार गरिनेछ । नगरभित्र सञ्चालनमा रहेका ज्येष्ठ नागरिक आश्रय गृहहरूको व्यवस्थापनमा सुधार गर्दै लगिनेछ ।

१४६. अपाङ्गता भएका व्यक्तिहरूको पहिचान र अधिकारलाई सुनिश्चित गर्दै अपाङ्गता परिचयपत्र पाउन योग्य सबैलाई परिचयपत्र वितरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१४७. **"जसको सवाल उसैको नेतृत्व"** भन्ने मान्यताअनुरुप अपाङ्गताका क्षेत्रमा क्रियाशील सामाजिक संघसंस्थाहरूको अगुवाइमा अपाङ्गता सम्बन्धी कार्यक्रम सञ्चालनमा जोड दिइनेछ । अपाङ्गता भएका व्यक्तिहरूको समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम सञ्चालनका लागि संघ तथा प्रदेश सरकारसँग सहकार्यको नीतिलाई निरन्तरता दिइनेछ ।

१४८. जन्म, मृत्यु,विवाह दर्ता, सम्बन्ध विच्छेद र बसाइँसराइ जस्ता ब्यक्तिगत घटना दर्ता (Vital

Registration) को अभिलेखलाई Digitized गरिनुका साथै बिषेश रुपमा जन्म दर्ताको कार्यलाई वि. सं. २०८० साल सम्ममा शतप्रतिशत र अन्य घटना दर्तालाई उल्लेख्य मात्रामा वृद्धि गर्दै लगिनेछ। सबै वडाहरूमा बेवारिसे बालबालिका, बाबुको पहिचान नखुलेका एवम विशेष कारणवस जन्म दर्ता हुन नसकेका बालबालिकाहरूको लगत सङ्कलनको कार्यलाई तीव्रता दिंदै जन्म दर्ताको कार्यलाई अभियानका रुपमा सञ्चालन गरिनेछ ।

१४९. सामाजिक सुरक्षा भत्ता र व्यक्तिगत घटना दर्ता वितरणका सम्पूर्ण कार्य प्रभावकारी बनाउन Online प्रणाली मार्फत सम्पादन गर्ने व्यवस्था मिलाइनेछ ।

१५०. महानगरका सबै वडाहरुमा सामाजिक विकृति एवं विसङ्गति तथा लागु पदार्थ दुर्व्यसन नियन्त्रण र मानवता प्रवर्द्धनका लागि वडा कार्यालय, जिल्ला प्रहरी कार्यालय र मानवता प्रवर्द्धनमा सक्रिय संस्थाहरू बीच साझेदारी र सहकार्यमा कार्यक्रम सञ्चालनमा जोड दिइनेछ ।

१५१. वडा तहमा गठन गरिएका विभिन्न महिला समूह, आमा समूहको वडा कार्यालयमा सूची तयार गरी वडा महिला सदस्यको संयोजकत्वमा समन्वयात्मक रुपमा महिला लक्षित कार्यक्रमहरू सञ्चालन गर्ने नीति अवलम्वन गरिनेछ । साथै महानगर स्तरमा नगर महिला संजाल निर्माण गरी लक्षित कार्यक्रम सञ्चालनको अनुगमन तथा सहजीकरणको व्यवस्था मिलाइनेछ ।

१५२. परिवार, समुदाय तथा विद्यालय तहमा किशोरीमैत्री वातावरण बनाउन विभिन्न सचेतनामूलक अभियान सञ्चालनमा जोड दिइनेछ ।

१५३. यस आर्थिक वर्षमा गैरसरकारी संघ/संस्थाको कम्तीमा ३० प्रतिशत नगद साझेदारीमा योजना तथा कार्यक्रम सञ्चालन गर्ने गरी कार्य अगाडि बढाइने छ ।

## स्वास्थ्य सेवा

१५४. आधारभूत एवं गुणस्तरीय स्वास्थ्य सेवामा महानगरबासीको पहुँचलाई सुनिश्चित गर्नुका साथै नवशिशु तथा बाल स्वास्थ्य र पोषण,सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य, सर्ने तथा नसर्ने रोगहरूको रोकथाम तथा व्यवस्थापन, महामारी नियन्त्रण तथा स्वास्थ्य प्रवर्द्धन कार्यक्रममा विशेष जोड दिइनेछ ।

१५५. महानगरपालिकाका सवै वडाहरूमा स्वास्थ्य संस्था स्थापना गरी स्वास्थ्य सेवा उपलब्ध गराइनेछ। आधारभूत स्वास्थ्य सेवा, नगर स्वास्थ्य केन्द्र,सामुदायिक स्वास्थ्य इकाई, मातृ शिशु स्वास्थ्य क्लिनिक साथै स्वास्थ्य संस्थाहरूमा बर्थिङ सेन्टर, प्रयोगशाला लगायत सेवा सञ्चालनका लागि आवश्यक जनशक्ति र स्रोत साधनको प्रबन्ध मिलाइने छ ।

१५६. महानगरपालिकाको स्वामित्वमा रहने अस्पतालका रूपमा शारदानगर स्वास्थ्य चौकी र शिवनगर प्राथमिक स्वास्थ्य केन्द्रलाई नगर अस्पतालमा स्तरोन्नति गर्न आवश्यक कार्य गरिनेछ ।

१५७. महिला, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई भरतपुर अस्पतालबाट प्रदान गर्रिंदै

आएको निःशुल्क ओपिडी टिकट अनुदानलाई निरन्तरता दिइनेछ। बालबालिका, महिला, ज्येष्ठ नागरिक लगायत लक्षित समूहका लागि विशेष स्वास्थ्य कार्यक्रम सञ्चालन गरिनेछ ।

१५८. बालबालिकाहरूलाई दिइने सवै खोप कार्यक्रमलाई विशेष जोड दिंदै भरतपुर महानगर पूर्ण खोप महानगर घोषणा भइसकेको अवस्थामा पूर्ण खोप सुनिश्चित दिगोपनाका लागि कार्यक्रम सञ्चालन गरिनेछ ।

१५९. महानगरपालिकामा कोभिड १९ संक्रमण रोकथाम, निदान, उपचार तथा व्यवस्थापनका लागि बहुसरोकारवालाबीच समन्वय गरी सबै संयन्त्रहरू परिचालन गरिनेछ । कोभिड १९ नियन्त्रणमा संलग्न जनप्रतिनिधि, कर्मचारी तथा स्वास्थ्यकर्मीका लागि स्वास्थ्य सुरक्षाको प्रत्याभूति, बीमा लगायत उचित प्रोत्साहनको व्यवस्था गरिनेछ ।

१६०. महानगरपालिकाभित्र सञ्चालनमा रहेका मेडिकल कलेज, निजी अस्पताल, पोलिक्लिनिक, डायग्नोस्टिक केन्द्र, क्लिनिक, आयुर्वेद अस्पताल तथा क्लिनिक, औषधि पसल आदि स्वास्थ्य संस्थाहरूको अनुगमन तथा नियमन गरी महानगरवासीको स्वास्थ्य अधिकार सुनिश्चित गरिनेछ ।

१६१. महिला स्वास्थ्य स्वयंसेविकाहरूको सेवालाई थप प्रभावकारी बनाउनका लागि प्रदान गरिंदै आएको महिला स्वास्थ्य स्वयंसेविका प्रोत्साहनलाई निरन्तरता दिनुका साथै थप विस्तार गरिनेछ । दीर्घसेवा गरेका महिला स्वास्थ्य स्वयंसेविकाहरूलाई प्रोत्साहन रकमसहित सम्मानजनक विदाइ गरिनेछ ।

१६२. स्वास्थ्य संस्थामा सुत्केरी हुने महिलालाई निःशुल्क यातायात/एम्बुलेन्स खर्च, क्याल्सियम सप्लिमेन्टेसन कार्यक्रम र झुल वितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ । गर्भवती महिलालाई आधारभूत प्रयोगशाला सेवा निःशुल्क उपलब्ध गराइनेछ । यसका साथै घुम्ती शिविरमार्फत् भिडियो एक्सरे सेवा उपलब्ध गराइनेछ ।

१६३. सरुवा तथा भेक्टरजन्य रोगहरूको रोकथाम तथा महामारी नियन्त्रणका लागि विपद् व्यवस्थापन पूर्वतयारी र प्रतिकार्यका लागि आवश्यक तयारी तथा समुदाय परिचालन लगायतका एकीकृत कार्यक्रम सञ्चालन गरिनेछ ।

१६४. स्वास्थ्य चौकीहरूमा सञ्चालनमा रहेको प्रयोगशाला सेवालाई निरन्तरता दिदै प्रयोगशाला सेवाको गुणस्तर र क्षमता विस्तार गर्दै लगिनेछ ।

१६५. सुर्तिजन्य पदार्थको प्रयोगले मानव स्वास्थ्यमा पर्ने नकारात्मक असरलाई मध्यनजर गर्दै भरतपुर महानगरलाई सुर्तिजन्य पदार्थ निषेधित महानगरको रुपमा घोषणा गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ। सोको अनुगमन संयन्त्र विकास गरी दण्ड जरिवानालाई कडाइका साथ लागू गरिनेछ ।

१६६. स्वास्थ्य संस्थाबाट प्रदान गरिने सेवालाई सर्वसुलभ तथा प्रभावकारी वनाउन गुणस्तरीय औषधि सामग्रीको नियमित आपूर्ति गरी उपलब्ध गराइनेछ । स्वास्थ्य संस्थाहरूसम्म औषधि वितरणका लागि आवश्यक सवारी साधन सहितको संयन्त्रको विकास गरिनुका साथै स्वास्थ्य संस्थाहरूको

भौतिक पूर्वाधार, न्युनतम औजार उपकरणको उपलव्धता तथा क्षमता विकासका लागि आवश्यक व्यवस्था मिलाइने छ ।

१६७. स्वास्थ्य सेवामा कार्यरत जनशक्तिको क्षमता अभिवृद्धिका लागि कार्यक्रमहरू सञ्चालन गरिनेछ । तथ्यमा आधारित निर्णयका लागि स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीको प्रयोग तथा उपयोगलाई सवै स्वास्थ्य संस्थासम्म विस्तार गरिनुका साथै स्वास्थ्य अनुसन्धानलाई प्रोत्साहन गरिनेछ ।

१६८. स्वास्थ्य सम्बन्धी सन्देश एवं सूचना प्रवाहलाई वैज्ञानिक र प्रविधिमैत्री बनाई स्वास्थ्य प्रवर्द्धनका साथै नागरिकको स्वास्थ्य सम्बन्धी सूचना पाउने मौलिक हक सुनिश्चित गरिनेछ। साथै, विद्यालय तथा समुदायस्तरमा स्वास्थ्य प्रवर्द्धन तथा शिक्षामूलक कार्यक्रममा विशेष जोड दिइनेछ ।

१६९. आयुर्वेद तथा वैकल्पिक चिकित्सा पद्दति मार्फत उपचार, नसर्ने रोगको रोकथाम तथा स्वास्थ्य प्रवर्द्धनका क्रियाकलापहरू सञ्चालन गरिनेछ । ज्येष्ठ नागरिक, स्तनपान गराउने आमा र बच्चाको स्वास्थ्य प्रवर्द्धनमा विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

१७०. प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य सेवा केन्द्र, नगर स्वास्थ्य केन्द्रबाट प्रदान गरिने स्वास्थ्य सेवामा आयुर्वेद लगायतका वैकल्पिक चिकित्सा पद्धतिलाई समावेश गर्दै लगिनेछ। साथै, आयुर्वेद, योग, पञ्चकर्म एवं वैकल्पिक चिकित्साको विकासका साथै स्थानीय स्तरमा उपलव्ध औषधिजन्य जडिबुटी, खनिज तथा द्रव्यको पहिचान सङ्कलन संरक्षण र प्रवर्द्धन गरिनेछ ।

१७१. स्वास्थ्य सम्बन्धी क्रियाकलापहरूबारे जानकारी दिन वार्षिक स्वास्थ्य प्रतिवेदनका साथै स्वास्थ्य बुलेटिन प्रकाशन गरिनेछ ।

१७२. स्वास्थ्य सेवालाई जनताको घरदैलोमा पुऱ्याउनका लागि खोप क्लिनिक, गाउँघर क्लिनिक लगायत सामुदायिक सेवालाई निरन्तरता दिदैं यसमा संलग्न जनशक्तिलाई प्रोत्साहनको व्यवस्था गरिनेछ ।

१७३. स्वास्थ्य क्षेत्रको समग्र विकासका लागि संघीय सरकार, प्रदेश सरकार लगायत अन्य सार्वजनिक, गैरसरकारी र निजी क्षेत्रसँग सहकार्य र समन्वय गरिनेछ ।

## आर्थिक विकास

### कृषि विकास

१७४. कृषिको उत्पादन तथा उत्पादकत्व वृद्धिमा बीउको अहम भूमिका रहने भएकोले उन्नत बीउ तथा मूल बीउ उत्पादन गर्ने कृषकलाई अनुदान दिने व्यवस्था मिलाइनेछ ।

१७५. कृषिको उत्पादन लागत घटाउन तथा कृषि क्षेत्रमा प्रयोग भएको मानव श्रमलाई अन्य उत्पादनमूलक क्षेत्रमा लगाउन कृषिमा यान्त्रीकरण गर्ने कार्यक्रमलाई निरन्तरता दिइने छ । ५० प्रतिशत अनुदानमा कृषि यन्त्र उपकरण उपलब्ध गराउन बजेट व्यवस्था गरिने छ ।

१७६. महानगरभित्रका खेती योग्य जमिनमा सिंचाईको पर्याप्तता सुनिश्चित गर्न भइरहेका जीर्ण अवस्थामा

रहेका नहर कुलोको मर्मत गर्ने तथा कृषकहरूलाई साना सिंचाइमा अनुदान दिने नीतिलाई निरन्तरता दिइनेछ । अति आवश्यक ठाँउमा सङ्घीय तथा प्रदेश सरकारसँगको सहकार्यमा ठुला खालका डिपबोरिङ खन्ने कार्य गरिने छ । जीर्ण अवस्थामा रहेको नारायणी लिफ्ट र खगेरी सिंचाइ आयोजनालाई नियमित सञ्चालन गर्न सङ्घीय सरकारसँग समन्वय गरी काम अगाडि बढाइनेछ ।

१७७. स्थानीय कृषि उपजहरूको बजारीकरणका लागि आवश्यक पूर्वाधारमा लगानी गरिने छ । एक वडा एक हाट बजार स्थापना गर्न प्रोत्साहन गरिनेछ । साथै, कृषि उत्पादन विशेष गरी तरकारीको प्याकेजिङ सुधार तथा ब्रान्डिङको लागि प्रोत्साहन गरिनेछ ।

१७८. निजी क्षेत्रसँगको सहकार्यमा व्यवसायिक तरकारी खेती गर्ने कृषक सहकारी, कृषक समूह तथा फर्महरूलाई आफ्ना उत्पादनको सहज बजार पहुँचका लागि बिक्री केन्द्र (Outlet) स्थापनाका लागि अनुदान उपलव्ध गराइनेछ ।

१७९. **"विषादीमुक्त भरतपुर"** नीतिलाई निरन्तरता दिइनेछ । यसका लागि हालको विषादी प्रयोग अवस्थालाई न्यूनीकरण गर्ने खालका कार्यक्रम सञ्चालन गरिनेछ । यस अन्तर्गत एग्रोभेटहरूको अनुगमन तथा कृषकहरूको विषादी प्रयोग व्यवहारको निरीक्षण गरिनेछ ।आई. पी. एम. कृषक पाठशालालाई निरन्तरता दिइनेछ । विषादी परीक्षण प्रयोगशालालाई सङ्घीय तथा प्रदेश सरकारसँगको सहकार्यमा थप व्यवस्थित गरिनेछ । जैविक विषादी प्रयोगलाई प्रोत्साहन गरिनेछ ।

१८०. मौरी विकास तर्फ मौरी घारको विस्तार तथा आवश्यक उपकरणको लागि अनुदानको व्यवस्था गरिनेछ ।

१८१. कृषकहरूको क्षमता अभिवृद्धि गर्ने तथा प्रविधि हस्तान्तरणका तालिमहरू सञ्चालन गरिनेछ ।

१८२. कृषियोग्य भूमिको पूर्ण उपयोग सुनिश्चित गर्न महानगरभित्र रहेका जमिन बाँझो राख्ने कार्यलाई दुरुत्साहन गरिनेछ ।

१८३. वैदेशिक रोजगारबाट फर्केका तथा बेरोजगार युवाहरूलाई कृषि पेशा तर्फ आकर्षित गर्नका लागि व्यवसायिक खेती गर्न चाहने कृषकहरूलाई अनुदान दिने व्यवस्था गरिनेछ ।

१८४. कृषि उत्पादन पश्चात् गरिने प्रशोधनका लागि साना खाले प्रशोधन उद्योग स्थापना गर्नका लागि कृषि सहकारी तथा समूहहरूलाई प्रोत्साहन गरिनेछ ।

१८५. व्यवसायिक तथा सामुहिक तरकारी खेती गर्ने कृषकहरूका लागि आफ्ना उत्पादनलाई सहज रूपमा बजारसम्म पुऱ्याउनका लागि ढुवानीका साधनमा अनुदान दिने व्यवस्था मिलाइनेछ ।

१८६. भरतपुर कृषकमैत्री ऋण कार्यक्रम अन्तरगत न्यूनतम व्याजमा कृषकलाई ऋण उपलव्ध गराउन सहजीकरण गरिनेछ । त्यस्तो ऋण २५ लाखसम्म लिंदा २ प्रतिशत व्याज महानगरपालिकाले व्यहोर्ने व्यवस्था मिलाइनेछ ।

१८७. कृषि बीमा कार्यक्रमलाई निरन्तरता दिइनेछ । कृषकले आफ्ना कृषि बालीहरूको बीमा गर्दा लाग्ने प्रिमियम शुल्कमा अनुदान दिने व्यवस्था मिलाइनेछ ।

१८८. महानगरभित्र कम्तीमा एउटा आधुनिक तथा बृहत् नर्सरी स्थापनाका लागि प्रोत्साहन गरिनेछ ।

१८९. विपन्न तथा सीमान्तकृत कृषकहरूका लागि उनीहरूको आयस्तर वृद्धि गर्ने खालका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

१९०. कृषि सूचना प्रणालीको विकास गरी महानगरका प्रत्येक कृषकलाई त्यसमा आवद्ध गरिनेछ । कृषिको तथ्याङ्कलाई सुदृढीकरण गरिनेछ ।

१९१. महानगरपालिकाभित्रका उत्कृष्ट कृषकहरूलाई पुरस्कृत गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

१९२. कृषि तथा पशु विकासका क्षेत्रमा प्रतिफलमा आधारित प्रोत्साहन प्रदान गर्न आवश्यक क्षेत्रहरूको पहिचान गरी कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

१९३. कृषि तथा वन विज्ञान विश्वविद्यालय सँग कृषि तथा पशुपालनको क्षेत्रमा प्रविधि विकास तथा विस्तार र विज्ञ सेवाको लागि सहकार्यमा कार्यक्रम सञ्चालन गरिनेछ ।

## पशु विकास

१९४. प्रतिलिटर दुध उत्पादनमा दिइदै आएको रू. १।— अनुदानमा दुई सय प्रतिशत बृद्धि गरी आ.व. २०७८/०७९ देखि रू. ३।- का दरले उपलब्ध गराइनेछ ।

१९५. आर्थिक अवस्था कमजोर भएका र रोजगारी नभएका विपन्न परिवारहरूको जीविकोपार्जनका लागि निर्वाहमुखी पशुपन्छी पालन कार्यक्रम कार्यान्वयन गरिनेछ ।

१९६. पशुजन्य पदार्थहरूको उत्पादन लागत न्यूनीकरण गर्न बहुवर्षीय हरियो घाँस विकास कार्यक्रम प्राथमिकताका साथ कार्यन्वयन गरिनेछ ।

१९७. पशुजन्य पदार्थहरूको उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न नश्ल सुधार तथा कृत्रिम गर्भाधान कार्यक्रम र बाँझोपनको समस्या निराकरण गर्न घरदैलो घुम्ती शिविर कार्यक्रम सञ्चालन गरिनेछ ।

१९८. पशुपन्छीहरूको रोग निरोधात्मक, प्रतिरोधात्मक र उपचारात्मक सेवाहरू, गुणस्तरीय प्रयोगशाला सेवा तथा महामारीजन्य रोगहरूको प्रभावकारी नियन्त्रणका कार्यहरू गरिनेछ ।

१९९. मासुको लागि बिक्री गरिने खसीबोकाको बजार व्यवस्थापनका लागि खसीबोका सङ्कलन केन्द्र निर्माणमा सहयोग र उपभोक्ताहरूलाई स्वच्छ र स्वस्थ्य माछा-मासु उपभोगका लागि माछा-मासु पसल सुधारका कार्यक्रमहरू कार्यान्वयन गरिनेछ ।

२००. मत्स्य व्यवसाय प्रवर्द्धन कार्यक्रमलाई निरन्तरता दिइने छ ।

२०१. स्वरोजगारमूलक एवं व्यवसायिक पशुपालन व्यवसायको प्रवर्धनमा सहयोग गरिनेछ।

२०२. पशु बीमा प्रिमियममा दिइँदै आएको १२.५ प्रतिशत अनुदान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

## सहकारी तथा रोजगार प्रवर्धन

२०३. सहकारी अभियानको जननीको रूपमा रहेको भरतपुरमा सहकारी संस्थाहरूलाई समुदायस्तरमा प्रवर्द्धन गरी युवा स्वरोजगार कार्यक्रम सञ्चालन गरिनेछ ।

२०४. सहकारी शिक्षा र तालिम मार्फत सहकारी संस्थाहरूको क्षमता अभिवृद्धि गरी संस्थागत स्व-नियमन र सुशासन प्रवर्द्धन गरिनेछ ।

२०५. कृषि, पशुपन्छी, मौरी, माछापालन आदि कृषि व्यवसाय र अन्य स्वरोजगारमूलक व्यवसायमा संलग्न हुन चाहने वा भइरहेका युवाहरूलाई सहकारी संस्था वा बैंकमार्फत लिने तीन लाख र पाँच लाख रुपैयाँ सम्मको ऋणमा तीन वर्षसम्मको लागि क्रमशः शतप्रतिशत र असी प्रतिशत ब्याज अनुदान कार्यक्रम सञ्चालन गरिनेछ ।

२०६. सामुहिक कृषि उत्पादन, उन्नत बीउबिजनको उत्पादन, स्थानीय उत्पादनको भण्डारण, प्रशोधन, प्याकेजिङ, बजारीकरण गर्न चाहने गैर वित्तीय सहकारी संस्थालाई सहकारी संघ वा बैंकमार्फत लिने एक करोड रुपैयाँ सम्मको ऋणमा तीन वर्षसम्मको लागि असी प्रतिशतसम्म ब्याज अनुदान कार्यक्रम सञ्चालन गरिनेछ ।

२०७. उपभोक्ता भण्डार सञ्चालन गर्न चाहने वा सञ्चालन गरीरहेका गैर वित्तीय सहकारी संस्थाहरूलाई सहकारी संघ वा बैंक मार्फत लिने एक करोड रुपैयाँ सम्मको ऋणमा तीन वर्षसम्मको लागि असी प्रतिशतसम्म ब्याज अनुदान कार्यक्रम सञ्चालन गरिनेछ ।

२०८. सहकारी संस्थाहरूको बृहत एकीकरण र डिजिटल कारोबारलाई प्रोत्साहन गर्दै सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (COPOMIS) मा सहकारी संस्थाहरूको आबद्धतालाई प्रोत्साहन गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

२०९. युवा तथा उद्यमीहरूलाई नवीन व्यवसाय शुरु गर्न आवश्यक क्षमता विकास, प्रविधि हस्तान्तरण, वित्तीय पहुँच सहजीकरण र बजारीकरणका कार्यक्रमसँग आवद्ध गराई रोजगारी अभिबृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ ।

२१०. उत्पादक सहकारी संस्थाहरूलाई दिदै आएको मागमा आधारित अनुदान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

## प्रधानमन्त्री रोजगार कार्यक्रम

२११. रोजगार सेवा केन्द्रलाई रोजगार बैंकको रुपमा विकास गरिनेछ ।यस रोजगार सेवा केन्द्रमा महानगरपालिका भित्रका विपन्न परिवारका बेरोजगार व्यक्तिहरू सूचीकरण गरी न्यूनतम १०० दिनको रोजगारी प्रत्याभूति गर्ने कार्यको लागि महानगरपालिका भित्र सञ्चालान हुने योजनाहरूमा रोजगारी सिर्जनालाई प्राथमिकता दिइनेछ ।

२१२. रोजगार सेवा केन्द्रमार्फत विभिन्न सार्वजनिक, निजी तथा गैरसरकारी क्षेत्रका रोजगारदाताहरूसँग परामर्श गरी स्थानीय तहभित्र सिर्जना हुने रोजगारीको अवसरहरूको खोजी गर्ने र रोजगार दाताहरूसँग रोजगारीको अवसरका सूचना सङ्कलन, आदान प्रदान, प्रशोधन तथा उपयोगमा साझेदारी गरिनेछ ।

२१३. माग भए बमोजिमको दक्ष जनशक्ति उत्पादनको लागि सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय तहको सार्वजनिक, निजी तथा गैरसरकारी संस्थाहरूसँगको सहकार्यमा विभिन्न व्यावसायिक एवम् सीपमूलक तालिमहरू सञ्चालन गरिनेछ । तालिम पश्चात् रोजगारीको प्रत्याभूति गर्ने वा स्वरोजगार बन्न चाहनेको लागि आवश्यक सहयोग उपलब्ध गराइनेछ ।

## पर्यटन तथा उद्योग वाणिज्य

२१४. पर्यटन सम्पदा र क्षमताको आधारमा अल्पकालीन, मध्यकालीन र दीर्घकालीन गुरुयोजना तर्जुमा गरी आवधिक योजना र वार्षिक कार्यक्रम तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।

२१५. महानगरमा भएका पर्यटकीय आकर्षणका क्षेत्रहरू पहिचान गरी अन्तर्राष्ट्रिय स्तरमा प्रचारप्रसार गर्न अध्ययन अनुसन्धान गर्ने र सोही अनुरूपको बजारीकरण रणनीति तर्जुमा गरिनेछ । स्थापित पर्यटकीय गन्तव्यको संरक्षण एवम् प्रवर्द्धन गर्नुका साथै नयाँ पर्यटकीय गन्तव्यको खोजी, पूर्वाधारको निर्माण तथा प्रवर्द्धन गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

२१६. स्थानीय जनतालाई स्वरोजगारका अवसर सिर्जना हुने तथा जीवनस्तरमा सुधार ल्याउने पर्यटन पूर्वाधारको विकासमा जोड दिइनेछ ।

२१७. प्राकृतिक र सांस्कृतिक सम्पदाको दिगो उपयोग गर्न प्रभावकारी योजना बनाई निजी क्षेत्रसँगको सहकार्यमा पर्या पर्यटनको विकासलाई प्राथमिकता दिइनेछ ।

२१८. नारायणी नदी किनारलाई सी-बिच मोडलमा विकास गर्ने कार्यलाई निरन्तरता दिंदै अम्रेला स्ट्रिट लगायतका देशकै विशेष आकर्षणका रूपमा रहेका गन्तव्यहरूको विकास र प्रचार प्रसारमा जोड दिइनेछ ।

२१९. पर्यटन पदयात्राका लागि नयाँ पदमार्ग पहिचान गरी सुरक्षित, विश्वसनीय एवम् सुविधासम्पन्न बनाउने कार्यलाई निरन्तरता दिइनेछ ।

२२०. निजी क्षेत्रको लगानी तथा सहकार्यमा र्‍याफ्टिङ, प्याराग्लाइडिङ, क्यानोनिङ जस्ता सहासिक पर्यटनमा पर्यटकहरूको सुरक्षा व्यवस्थामा बढी जोड दिई व्यवसाय सञ्चालन गर्न प्रोत्साहन गरिनेछ ।

२२१. आदिवासी, जनजाति, पिछडावर्ग आदिको भाषा, लिपि, बाजागाजा, रीतिरिवाज, परम्परा, संस्कृति आदिको संरक्षण गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

२२२. प्राकृतिक उपचार, यात्रा साधना, आध्यात्मिक केन्द्र आदिको प्रवर्द्धन गर्दै स्वास्थ्य क्षेत्रमा अध्ययन गराउने गरी स्वास्थ्य पर्यटनको विकास गर्ने नीति लिइनेछ ।

२२३. उद्योग तथा वाणिज्य क्षेत्रले समाजमा निर्वाह गर्नुपर्ने दायित्वलाई ध्यान दिंदै महानगरभित्र सञ्चालित उद्योग तथा व्यापारका लागि संस्थागत सामाजिक दायित्व (CSR) निर्देशिका तयार गरी कार्यान्वयन गरिनेछ ।

२२४. स्थानीय स्रोत र कच्चा पदार्थ, सीप, श्रम र प्रविधिको उपयोग गर्ने गरी उद्योगको प्रवर्द्धनमार्फत् दिगो विकासका लक्ष्य अनुरूपको विकासमा विशेष जोड दिइनेछ ।

२२५. खाद्य गुणस्तर कायम गर्न महानगरमा खाद्य गुणस्तर परीक्षण प्रयोगशाला स्थापना गर्न आवश्यक पहल गरिनेछ ।

२२६. सृजनात्मक तथा अनुसन्धानमा आधारित साना उद्योगहरूको स्थापनाका लागि प्रोत्साहनस्वरूप बीउ पूँजी तथा उत्पादन पश्चात बिक्री बिल बिजकका आधारमा अनुदानको व्यवस्था गरिनेछ ।

२२७. घरेलु साना उद्योग सञ्चालन सम्बन्धी विशेष कार्यक्रमको सुरुवात गरिनेछ ।

२२८. महानगरको वडा नं. २०, भीमनगर र वडा नं. २१, पार्वतीपुरमा औद्योगिक ग्राम निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याइनेछ ।

## राजश्व प्रशासन

२२९. **"कर तिर्नु कर्तव्य मात्र होइन, गौरव पनि हो"** भन्ने अवधारणाको विकास गर्न स्वयंकर निर्धारण पद्धति मार्फत करदातालाई नै पहिलो कर प्रशासकको रुपमा लिने गरी कर सम्बन्धी कानुनी व्यवस्थामिलाइनेछ ।

२३०. कर प्रशासनलाई चुस्त,सरल, प्रविधिमैत्री एवं करदातामैत्री बनाई अधिकतम कर सङ्कलन हुने वातावरण निर्माणगरिनेछ ।

२३१. महानगरपालिकाको आन्तरिक स्रोतसाधनको प्रभावकारी परिचालन गर्न प्रगतिशील कर प्रणालीको विकास,करको दायरा विस्तार र राजस्व चुहावटलाई पूर्णरुपमा नियन्त्रण गरिनेछ ।

२३२. महानगरपालिकाका सम्पूर्ण करदाताहरूको तथ्याङ्क सङ्कलन गरी अभिलेख अद्यावधिक गरिनुको साथै राजस्व असुली कार्यमा उद्योग वाणिज्य संघ,चितवन, चितवन उद्योग संघ, चेम्बर अफ कमर्स लगायतका सरोकारवाला निकायहरूसँग समन्वय तथा सहकार्यगरी कर परिचालन गरिनेछ ।

२३३. सबै करदाताको विवरण डिजिटल प्रणालीमा आबद्ध गरी प्रत्येक करदाताको IntegratedTax Portal अन्तर्गत Individual Tax ID को प्रयोग गर्ने प्रणालीलाई निरन्तरता दिइनेछ।

२३४. महानगरपालिकाको आन्तरिक आय बढोत्तरीको लागि भरतपुर-२२,पटिहानीमा सञ्चालित अम्ब्रेला स्ट्रिट पर्यटकीय स्थल, नारायणीनदी किनारमा सञ्चालित अस्थायी व्यवसाय र नारायणी नदीमा सञ्चालन हुने जल यातायात व्यवसायलाई अनिवार्य रुपमा करको दायरामा ल्याइनेछ ।

२३५. कोभिड-१९ ले पारेको प्रभावलाई मध्यनजर गरी आ.व. २०७७/७८ मा करदाताले बुझाउनुपर्ने करमा कुनै पनि जरिवाना लगाइने छैन।

२३६. महानगरपालिकामा राजश्व असुली कार्यलाई वैज्ञानिक, यथार्थपरक, पारदर्शी गरी व्यवस्थित तरिकाले राजश्व असुली गर्न वेब बेस प्रणालीबाट सञ्चालित सफ्टवेयरलाई द्रुत गतिमा चलाउन सहजीकरण गरिनेछ। साथै राजश्व महाशाखामा कार्यरत कर्मचारीहरूको क्षमता अभिवृद्धिमा जोड दिइनेछ ।

२३७. राजश्व सङ्कलन कार्यलाई थप प्रभावकारी बनाउन महानगरका महाशाखा, शाखा, इकाई र वडा कार्यालयबाट सेवाग्राहीलाई सेवा प्रवाह गर्दा महानगरपालिकालाई भुक्तान गर्नुपर्ने कर,दस्तुर नियमानुसार असुल गरी सम्पूर्ण युनिटलाई राजश्व महाशाखासँग लिंक गरी एकरुपतापूर्वक सेवा प्रवाह गर्ने व्यवस्था मिलाइनेछ ।

२३८. घर बहालकरलाई थप प्रभावकारी बनाउन सम्बन्धित सरोकारवाला संघ, संस्था, निकाय वा कार्यालयसँग समन्वय गरी तथ्याङ्क सङ्कलन गर्ने र स्थान अनुसार निर्धारण गरिएको यथार्थ दर सफ्टवेयरमा अपडेट गरी लागु गरिनेछ । साथै घरधनीलाई अनिवार्य बहालकर पुस्तिका निःशुल्क उपलब्ध गराइनेछ ।

२३९. सेवाग्राहिले कर तिरिसकेपछि एस.एम.एस. मार्फत् धन्यवाद ज्ञापन गर्ने र अनलाईन पद्धतिबाट कर असुल गर्न सक्ने गरी सेवा विस्तार गरिनेछ ।

२४०. महानगरपालिकाको आन्तरिक राजस्व बृद्धिमा योगदान गरेवापत योगदानका आधारमा करदातालाई पुरस्कृत गर्ने प्रणाली विकास गरिनेछ ।

# वातावरण तथा सरसफाइ एवम् हरियाली प्रवर्धन

## वातावरण संरक्षण तथा हरियाली प्रवर्धन

२४१. एक घर दुई फलफूल विरुवा कार्यक्रम सञ्चालन गरी विरुवाहरूको उत्पादन कार्यलाई बढावा दिइनेछ ।

२४२. महानगरपालिकाका सडक दुवैतिर हरियाली कायम गर्न बिरुवा रोपेर स्थानीय समुदायलाई संरक्षणको जिम्मेवारी प्रदान गरिनेछ । आफ्नो क्षेत्र/टोलमा हरियाली प्रवर्धनमा उल्लेख्य कार्य गर्ने समुदायलाई पुरस्कृत गरिनेछ ।

२४३. वातावरणीय स्वच्छता तथा स्वस्थ जीवनशैली प्रवर्धन गर्ने उद्देश्यले महानगरभित्र हरेक शुक्रबार साइकल चलाउन नगरवासीलाई प्रोत्साहित गरिनेछ ।

२४४. विषादी प्रयोग नियन्त्रण, स्वच्छ पानीको उपलब्धता, वायु प्रदूषण नियन्त्रण, फोहोरको उचित व्यवस्थापन कार्यमा निजी क्षेत्रसँग सहकार्य गरिनेछ ।

२४५. महानगरलाई प्लास्टिक मुक्त बनाउन यस आर्थिक वर्षमा एक वडालाई प्लास्टिक झोलामुक्त वडा बनाई क्रमशः सबै वडालाई प्लास्टिक झोलामुक्त बनाउँदै लगिनेछ।

२४६. दिगो, व्यवस्थित र वैज्ञानिक फोहर व्यवस्थापनका लागि कोरियन सरकारको अनुदान स्वरूप प्राप्त सहयोगबाट तयार गरिएको आधुनिक ल्यान्ड फिल साइट को DPR लाई कार्यान्वयनमा लगिने छ।

साथै, वैकल्पिक व्यवस्थाको लागि इन्सिनरेटर जडान कार्यका लागि आवश्यक अध्ययन गरिनेछ।

२४७. दिगो र व्यवस्थित ल्यान्डफिल साइटको लागि आवश्यक पहल गरिनेछ।

२४८. अव्यवस्थित पार्किङ गर्ने, प्लास्टिक बालेर प्रदूषण गर्ने, अव्यवस्थित विज्ञापन सामग्री राख्ने, फुटपाथमा पसल तथा निर्माण सामाग्री राख्ने, छतको पानी सडकमा फाल्ने, सतह ढलमा शौचालयको ढल मिसाउने, हर्न बजाउने लगायतका गतिविधि गर्नेलाई पूर्ण रुपमा निरुत्साहित गरिनेछ ।

२४९. आगामी दुई वर्षभित्र महानगरका प्रत्येक घरमा खानेपानीको पहुँच सुनिश्चित गर्न एक घर एक धाराको नीति अवलम्बन गरिनेछ ।

२५०. अस्पताल तथा विभिन्न स्वास्थ्य संस्थाहरूबाट निस्कने मेडिकल वेस्टको व्यवस्थापनका लागि निजी क्षेत्रसँग सहकार्य गरिनेछ। फोहोरको निर्मलीकरण तथा व्यवस्थापन गर्ने उपकरणको व्यवस्था मिलाइनेछ ।

२५१. वातावरण तथा प्रविधिमैत्री यातायात व्यवस्थापन गर्न विद्युतीय सवारी साधनको प्रयोगलाई प्रोत्साहन गरिनेछ ।

## विपद् व्यवस्थापन

२५२. विपद् व्यवस्थापनका लागि आवश्यक नीतिहरू तर्जुमा गरी कार्यन्वयन गरिनेछ।

२५३. महानगरमा स्थापना भएको आपतकालीन कार्य सञ्चालन केन्द्रको क्षमता अभिवृद्धि गरिनेछ।

२५४. विपद् व्यवस्थापनको लागि अन्तरनिकाय समन्वयको कार्य प्रभावकारी बनाउन सूचना सञ्चार प्रणाली विकास गर्दै Disaster Management मा सम्बन्धित निकायहरू जस्तै : जिल्ला प्रशासन कार्यालय, स्वास्थ्य निकायहरू, सुरक्षा निकाय, स्काउट, रेडक्रस, गैहसरकारी संस्थाहरूबीच एकीकृत रुपमा कार्य गर्ने वातावरण मिलाइनेछ ।

२५५. महानगरपालिकाको केही भू-भाग चितवन राष्ट्रिय निकुञ्जसँग समेत जोडिएकोले जङ्गली जनावरबाट हुने आक्रमण तथा क्षति नियन्त्रण तथा रोकथामका लागि आवश्यक नीति तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

२५६. विपद् तथा जलवायु उत्थानशील योजनालाई आत्मसात् गरी विपद् व्यवस्थापनका कार्यक्रमहरू प्रभावकारी रुपमा कार्यन्वयन गरिनेछ ।

२५७. कोभिड-१९ नियन्त्रणको लागि आवश्यक नीति निर्माण गरी कार्यन्वयन गरिनेछ ।

२५८. विपद सामग्री खरीद, उचित भण्डारण, जनशक्ति परिचालन तथा व्यवस्थापकीय कार्य, क्षमता विकास कार्यक्रम, तालिम, सचेतनामूलक अभियान अघि बढाइने छ ।

२५९. महानगर क्षेत्रभित्रका सार्वजनिक सेवा प्रदायक संस्थाहरू जस्तै; अस्पताल, पेट्रोल पम्प, ठूला व्यवसायिक भवनहरू, औद्योगिक प्रतिष्ठानहरूमा अग्नि नियन्त्रण सामग्री व्यवस्थापन गर्न पर्ने व्यवस्था लागू गरिनेछ।

२६०. विपद् जोखिम न्यूनीकरणका लागि जोखिम अल्पीकरणका कार्यक्रम सञ्चालन गरिनेछ।

२६१. विपद् व्यवस्थापन कार्यमा खटिने जनशक्तिको क्षमता अभिवृद्धि गरिनेछ।

२६२. अस्पताल तथा विभिन्न स्वास्थ्य संस्थाहरूबाट निस्कने मेडिकल वेस्टको व्यवस्थापनका लागि निजी क्षेत्रसँग सहकार्य गरिनेछ ।फोहोरको निर्मलीकरण तथा व्यवस्थापन गर्ने उपकरणको व्यवस्था मिलाइनेछ।

## प्रविधि तथा डिजिटल प्रयोग

२६३. महानगरपालिकाको सूचना प्रविधि नीति तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।

२६४. महानगरको विज्ञापन र सूचना प्रकाशन तथा प्रसारणमा एकरुपता कायम गर्न सूचना तथा विज्ञापन प्रकाशन तथा प्रसारण नीति निर्माण गरी कार्यान्वनमा ल्याइनेछ ।

२६५. महानगरको सूचना तथा अभिलेख केन्द्र स्थापना गरी दस्तावेजहरू ब्यवस्थित र सुरक्षित राख्ने प्रबन्ध मिलाइनेछ।

२६६. तथ्याङ्क सङ्कलनमा एकरुपता ल्याउन आवश्यक पर्ने नीति निर्माण गरी कार्यान्वनमा ल्याइनेछ।

२६७. महानगरपालिकामा Intranet सहितको Networking लाई व्यवस्थित र प्रभावकारी बनाउन Dedicated Internet सेवाको क्षमता विस्तार गरिनेछ ।

२६८. महानगरपालिकाको आफ्नै सर्भरमा तथ्याङ्क राखी यसको संरक्षण गर्ने प्रवन्ध मिलाइनेछ।

२६९. महानगरपालिका परिसर र वडा कार्यालयहरूमा आगन्तुक तथा सेवाग्राहीका लागि सूचना तथा ज्ञान आदनप्रदान गर्न रिडिङ्ग कर्नर मार्फत सूचना प्रसारण गर्ने व्यवस्था मिलाइनेछ।

२७०. स्थानीय सञ्चारमाध्यमहरू रेडियो पत्रपत्रिका तथा अनलाइनहरुलाई व्यवसायिक प्रतिस्पर्धी र विश्वसनीय बनाउन भूमिका खेल्नुका साथै स्थानीय विज्ञापन तथा लोक कल्याणकारी सूचनाहरू स्थानीय सञ्चार माध्यमहरूलाई प्राथमिकता दिने नीति लिइएको छ।

२७१. नेपाल पत्रकार महासंघ चितवन र सञ्चार सम्वद्ध संघसंस्थाको सहकार्यमा महानगरको सूचना तथा सञ्चार नीतिलाई प्रभावकारी बनाउँदै लगिने छ।

**सभासदज्यूहरू,**

कोभिड-१९ को पहिलो र दोश्रो महामारीले आक्रान्त पारेको अवस्थामा प्रस्तुत भएको यस नीति तथा कार्यक्रमको सफल कार्यान्वयनबाट नै हामीले महामारीले सिर्जना गरेका बाधा व्यवधान र चुनौतीको सामना गर्न सक्छौं भन्ने मेरो दृढ विश्वास छ। यस विपदबाट सुरक्षित अवतरण भए पश्चात् पनि यसको असर दीर्घकालसम्म रहने अवस्था देखिन्छ। नगरबासीको सामाजिक-आर्थिक जीवनमा यसबाट पर्ने असर न्यूनीकरण गर्न महानगरपालिका सदैव प्रतिबद्ध रहेको कुरा म यस अवसरमा व्यक्त गर्न चाहन्छु।

कोरोना महामारीबीच सामाजिक दूरी कायम गरी सञ्चालन गरिएको यस नवौं नगरसभामा आज पेश गरिएका यी नीति तथा कार्यक्रमको कार्यान्वयनमा महानगरलाई सम्पूर्ण नगरबासीका साथै सबै क्षेत्रको सहयोग प्राप्त हुने छ भन्ने विश्वास लिएको छु।

अन्त्यमा, नवौं नगरसभामा सहभागी उप-प्रमुखज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, सम्पूर्ण वडा अध्यक्ष एवम् सदस्यज्यूहरू, कार्यपालिका सदस्यज्यूहरू, नीति तथा कार्यक्रम निर्माणमा खटिनुभएका कर्मचारीहरू, राजनीतिक दल, राष्ट्रसेवक, निजी, सहकारी र सामुदायिक क्षेत्र, श्रमिक वर्ग, नागरिक समाज, विकास साझेदार, संचारजगत एवम् नवौं नगर सभा सम्पन्न गर्न यो आकर्षक हल प्रदान गर्ने बी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पताल लगायत सबैलाई  हार्दिक धन्यवाद दिन चाहन्छु।

धन्यवाद !

**रेनु दाहाल**

**नगर प्रमुख**

**१० आषाढ २०७८**